# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## रामप्रसाद राई गाउँपालिका
## भोजपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं १**

पत्र संख्याः २०७८।७९
च.नं. ४५०

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रामप्रसाद राई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
भोजपुर।

**कैफियतसहितको राय**

हामीले रामप्रसाद राई गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू. २ करोड ८ लाख ३ हजार बेरुजु देखिएको छ । सो मध्ये प्रतिक्रियाबाट रु. १४ लाख १५ हजार फछ्र्यौट भइ बाँकी बेरुजु रु. १ करोड ९३ लाख ८८ हजार रहेकोमा असुल गर्नुपर्ने रू. ६ लाख ५२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १२ लाख ६९ हजार, नियमित गर्नुपर्ने रू. ७४ लाख ६७ हजार रहेको छ । पालिकाको गतवर्षसम्मको रु. ४ करोड ३२ लाख ८४ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ६ करोड १२ लाख ९ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्म प्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# रामप्रसाद राई गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६१ | २९ | २०८०३ | ० | ७ | १४१५ | ६१ | २२ | १९३८८ | ६५२ | ७४६७ | ११२६९ | ० | ० | १८७३६ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | ४३२८४ | ० | १४६३ | ४१८२१ | ० | १९३८८ | ६१२०९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रामप्रसादराई गाउँपालिका, भोजपुर , राम प्रसाद राई गाउँपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वावु नन्दन मेहता | २०७७-१२-२१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | जंगम राई | २०७७-४-१ | २०७७-१२-२० |
| लेखा प्रमुख | मनोज कुमार शर्मा | २०७७-४-१ | |
| लेखा प्रमुख | केशब सापकोटा | २०७७-९-२६ | |
| | | **बेरुजु रकम** | १९,३८८,१८१ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,१३,९७,०१३.६५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३,९४,९०,२८९ | चालु खर्च | २१,२३,८३,०९३.९७ |
| प्रदेश सरकारबाट अनुदान | १,८९,९८,००० | पूँजीगत खर्च | १२,८०,१६,०३५.०२ |
| राजश्व बाँडफाँट | ६,३५,७३,६८७.२२ | वित्तीय/अन्य व्यवस्था | ६,१३,७४,२८६.७३ |
| आन्तरिक आय | ५,७०,००० | | |
| अन्य आय | ७,४५,६१,००७.४७ | | |
| कुल आय | ४९,७१,९२,९८३.६९ | कुल खर्च | ४०,१७,७३,४१५.७२ |
| बाँकी मौज्दात | | १५,६८,१६,५८१.६२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस रामप्रसादराई गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, १५६.२५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८८१८ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय संचित कोष**<br>**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले आर्थिक वर्ष २०७७।७८ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता लगायतको को आयव्यय (Sutra & C GASसमायोजन 272) हिसाबको समग्र अवस्था निम्न बमोजिम रहेको छ । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| म.ले.प.फा.नं.२७२ | | | | | | | | |
| रामप्रसादराई गाउँपालिका | | | | | | | | |
| गाउँ कार्यपालिकाको कार्यालय, भोजपुर | | | | | | | | |
| कार्यालयको कोड : ८०१०७५०५३०० | | | | | | | | |
| वित्तीयप्रतिवेदन | | | | | | | | |
| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | | | | |
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५०,७७,४९,३५७..९७ | ४९,७१,९२,९८३.६९ | | ४९,७१,९२,९८३.६९ | ३५,४७,३३,७३८.८० | | ३५,४७,३३,७३८.८० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४३,४४,७३,९९९ | ४२,२६,३१,९७६.२२ | ० | ४२,२६,३१,९७६.२२ | ३२,३४,३७,५३९.९२ | ० | ३२,३४,३७,५३९.९२ |
| ११००० कर | ११ | ७,५१,५०,७१० | ६,३५,७३,६८७.२२ | ० | ६,३५,७३,६८७.२२ | ४,९७,६४,७६४.९२ | ० | ४,९७,६४,७६४.९२ |
| १३००० अनुदान | | ३५,८४,८८,२८९ | ३५,९०,५८,२८९ | ० | ३५,८४,८८,२८९ | २७,२२,४२,००० | ० | २७,२२,४२,००० |
| संघीय सरकार | १२ | ३३,९४,९०,२८९ | ३३,९४,९०,२८९ | ० | ३३,९४,९०,२८९ | २४,३९,८६,००० | ० | २४,३९,८६,००० |
| प्रदेश सरकार | १२ | १,८९,९८,००० | १,८९,९८,००० | ० | १,८९,९८,००० | २,८२,५६,००० | ० | २,८२,५६,००० |
| १४००० | | ८,३५,००० | ५,७०,००० | ० | ५,७०,००० | १४,३०,७७५ | ० | १४,३०,७७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अन्य राजस्व | | | | | | | | | | |
| | | | | ख. अन्य प्राप्ति | | २,१३,३२,५७४.९७ | ७,४५,६१,००७.४७ | | ७,४५,६१,००७.४७ | ३,१२,९६,१९८.८८ | | ३,१२,९६,१९८.८८ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | २,१३,३२,५७४.९७ | २,२५,८९,६०३.४७ | ० | २,२५,८९,६०३.४७ | २,९४,३३,२६९.६७ | ० | २,९४,३३,२६९.६७ | | |
| | | | | धरौटी | | ० | २८,६२० | ० | २८,६२० | १८,६२,९२९.२१ | ० | १८,६२,९२९.२१ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५,३९,४३,००० | ५,१९,४२,७८४ | ० | ५,१९,४२,७८४ | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | | ५५,६३,९६,१६१.९७ | ४०,१७,७३,४१५.७२ | | ४०,१७,७३,४१५.७२ | २९,७७,९२,१७०.४१ | | २९,७७,९२,१७०.४१ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४८,३१,२०,८०३ | ३४,०३,९९,१२८.९९ | | ३४,०३,९९,१२८.९९ | २८,१६,१४,१६२.४१ | | २८,१६,१४,१६२.४१ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ११,९५,२७,३५० | ९,९२,८२,८१७.४८ | ० | ९,९२,८२,८१७.४८ | ११,३६,४२,८३१.३८ | ० | ११,३६,४२,८३१.३८ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,५६,६८,२१० | १०,९४,०४,४२३.८९ | ० | १०,९४,०४,४२३.८९ | ८,०९,६७,१४४.९७ | ० | ८,०९,६७,१४४.९७ | | |
| | | | | २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | ० | ० | ० | ८६,००० | ० | ८६,००० | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | १९,४०,००० | ० | १९,४०,००० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | ३५,३३,००० | ३१,६४,८५२.६० | ० | ३१,६४,८५२.६० | २८,५९,६९४.४० | ० | २८,५९,६९४.४० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २८००० अन्य खर्च | १८ | १०,००,००० | ५,३१,००० | ० | ५,३१,००० | ५,०७,५३० | ० | ५,०७,५३० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,३३,९२,२४३ | १२,८०,१६,०३५.०२ | ० | १२,८०,१६,०३५.०२ | ८,१६,१०,९६१.६६ | ० | ८,१६,१०,९६१.६६ | | |
| | | | | घ. अन्य भूक्तानी | | २,१३,३२,५७४.९७ | ६,१३,७४,२८६.७३ | | ६,१३,७४,२८६.७३ | २९,७७,९२,१७०.४१ | | २९,७७,९२,१७०.४१ | | |
| | | | | कोषहरु | | २,१३,३२,५७४.९७ | १,०६,६३,७७५.३८ | ० | १,०६,६३,७७५.३८ | १,५७,५८,०२१ | ० | १,५७,५८,०२१ | | |
| | | | | धरौटी | | ० | १,६२,७६२.१५ | ० | १,६२,७६२.१५ | ४,१९,९८७ | ० | ४,१९,९८७ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५,१९,४२,७८४ | ५,१९,४२,७८४ | ० | ५,१९,४२,७८४ | ० | ० | ० | | |
| | | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (१३,९५,०३४.८०) | | (१३,९५,०३४.८०) | | | | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | | (४,८६,४६,८०४) | ९,८३,७२,०४३.६२ | | ९,८३,७२,०४३.६२ | ५,६९,४१,५६८.३९ | | ५,६९,४१,५६८.३९ | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,१३,९७,०१३.६५ | | ६,१३,९७,०१३.६५ | ६,२२,१५,५७१.०९ | | ६,२२,१५,५७१.०९ | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (४,८६,४६,८०४) | १५,६८,१६,५८१.६२ | | १५,६८,१६,५८१.६२ | ११,९१,५७,१३९.४८ | | ११,९१,५७,१३९.४८ | | |
| | | | | बैंक तथा नगद बाकी | २४ | | १५,६८,४६,५८१.६२ | | १५,६८,४६,५८१.६२ | ११,७४,०९,३८९.३९ | | ११,७४,०९,३८९.३९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **छलफल**<br>लेखापरीक्षणको प्रचलित मानदण्ड तथा ईकाईगत लेखापरीक्षण योजनाले निर्धारीत गरेको सिमा भित्र रही आर्थिक कारोवारहरुको परीक्षण पश्चात तयार गरीएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन् । | |
| ४ | | | **ले.प.को क्रममा असुली**<br>**लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा कार्यालयबाट निम्नानुसारको रकम असुली भएको छ- | |

| क.सं | विवरण | रकम |
|---|---|---|
| 1. | सामाजिक सुरक्षा भत्ता संघिय संचितकोष (15111) फिर्ता | 526261 |
| 2. | सामाजिक सुरक्षा भत्ता संघिय संचितकोष (15111) फिर्ता | 164285 |
| 3. | प्रदेश अनुदान फिर्ता | 7614146।20 |
| 4. | संघ अनुदान फिर्ता | 68682409।89 |
| 5. | दैनिक भ्रमण भत्ता भुक्तानी असुली | 4960 |
| 6. | दैनिक भ्रमण भत्ता भुक्तानी असुली | 13175 |
| 7. | दैनिक भ्रमण भत्ता भुक्तानी असुली | 1320 |
| 8. | दैनिक भ्रमण भत्ता भुक्तानी असुली | 6155 |
| 9. | तालिम बढी भुक्तानी असुली | 765 |
| 10. | तालिम बढी भुक्तानी असुली | १५३० |
| ११. | कर दाखिला | ४३३८५४.४० |
| | **जम्मा** | **7,7४,४८,८६१।४9** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**सम्परीक्षणको क्रममा असुली**

**सम्परीक्षणको क्रममा असुली** – सम्परीक्षणको क्रममा कार्यालयबाट निम्नानुसारको रकम असुली भएको छ-

<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>पदाधिकारी दोहोरो सुविधा असुली</td><td>144000</td></tr>
<tr><td>2.</td><td>घरभाडावापत बढी भुक्तानी असुली</td><td>21500</td></tr>
<tr><td>3.</td><td>वढी भुक्तानी असुली</td><td>4760</td></tr>
<tr><td>4.</td><td>योजना अभिमुखीकरण तालिम प्रशिक्षण वापत बढी भुक्तानी असुली</td><td>35365</td></tr>
<tr><td>5.</td><td>बढी भुक्तानी असुली</td><td>26000</td></tr>
<tr><td>6.</td><td>विद्यालयलाई बढी भुक्तानी असुली</td><td>57000</td></tr>
<tr><td>7.</td><td>स्वास्थ्य तर्फ समायोजन ग्रेड बढी भुक्तानी असुली</td><td>1७३२२</td></tr>
<tr><td>8.</td><td>पाठ्यपुस्तक वापत बढी निकासा असुली</td><td>28839</td></tr>
<tr><td>9.</td><td>पदाधिकारी पोशाक तथा वैठक भत्ता वापत बढी भुक्तानी असुली</td><td>82000</td></tr>
<tr><td>10.</td><td>पदाधिकारी वैठक भत्ता वापत रकम असुली</td><td>19125</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३५९११</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>

.

**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको छ ।

· सुत्रको प्राप्ति तथा भुक्तानी (म.ले.प.फा.नं. २७२) प्रतिवेदन अनुसार रु. ४४,८२,०२,६७५।३४ बराबरको बार्षिक कारोबारको आर्थिक विवरण पालिकाले गरेकोमा कोलेनिकाबाट सिधै निकासा (CGAS) हुने रकम फा.नं. २७२ को संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम शिर्षकमा रु.५,१९,४२,७८४।०० थप गरी एकिकृत आय व्ययको विवरण तयार गरि प्रतिवेदन जारी गरिएको छ ।

· खुद आन्तरिक आयतर्फ पालिकाले पेश गरेको आय विवरण तथा म.ले.प.फा.नं. २७५(अनुसुची-१) अनुसार कर रु.२३,८२,४७५।०० र गैर कर रु.५,७०,०००।०० गरी रु.२९,५२,४७५।६५ रहेको देखिएकोमा म.ले.प.फा.नं. २७२ (प्राप्ती तथा भुक्तानी) मा रु.५९,०४,९५१।३० आय प्राप्ति भएको देखिएको हुँदा वास्तविक आय भन्दा

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.२९,५२,४७५।६५ बढी प्राप्ती भएको देखिएको छ । पालिकाले पेश गरेको प्रमाणित वित्तीय विवरण (आन्तरीक आयको दोहोरो पोष्टीङ भएको समेत) अनुसार रु. ४४,८२,०२,६७५।३४ प्राप्ती तथा भुक्तानीमा रु.२९,५२,४७५।६५ मिलान गरी प्रतिवेदन जारी गरिएको छ ।<br>· संघीय सरकार अनुदान तर्फ वित्तीय समानिकरण, सशर्त अनुदान र बिशेष अनुदान गरी जम्मा रु.३३,९०,१८,२८९।०० प्राप्त भएको देखिएकोमा सुत्रको प्राप्ति तथा भुक्तानीको विवरण (फा.नं.२७२) मा रु.३३,९४,९०,२८९।०० भई रु.४,७२,०००।०० फरक देखिएको छ । वास्तविक प्राप्ति भन्दा वढी प्राप्ति देखिदा समग्र वित्तीय विवरणमा बढी प्राप्ति देखिन गएको छ । हिसाब मिलान गर्नुपर्दछ ।<br>· NEPSAS based ढाँचाको प्रतिवेदनबाट बार्षिक रुपमा संचालित कार्यक्रमहरुको भौतिक प्रगति खुल्ने नदेखिएकोमा सो सम्बन्धि थप बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गरेको छैन ।<br>· स्थानीय तहले बैंक समायोजन हिसाब विवरण नहुदा वर्षान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात भिडान नहुदा एकिन गर्न सकिएन।<br>· गाउँपालिकाले आकस्मिक कोष, प्रकोप व्यवस्थापन कोष लगायत अन्य कार्यसंचालन कोषको अल्या रकम, संघीय र प्रदेश सरकारबाट हस्तान्तरित शिर्षक तथा कार्यक्रमहरुको लेखाङ्कन सुत्रमा नराखेको तथा खुद आन्तरिक आय, संघीय अनुदान प्राप्ति लगायतमा वास्तविक प्राप्ति र सुत्रको प्राप्ति तथा भुक्तानी (२७२) को बिबरण एकरुपता नदेखीएको हुँदा पुर्ण र ऐथार्थ रहेको छ भन्ने आधार देखिएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ७ | | | **जिम्मेवारी फरक परेको**<br>**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.७,२४,७९,०८६।०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.६,१३,९७,०१३।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,१०,८२,०७३।०० घटी जिम्मेवारी सरेको सम्बन्धमा कार्यसंचालन कोषमा रहेको अल्या मौज्दात र असार मशान्त पश्चात सटही भएको रकम एकिन गर्नुपर्ने देखिएको रु. | ११,०८२,०७३ |
| ८ | | | **बैंक हिसाब मिलान नगरेको**<br><br>**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण रू.१,९४,७३,५५२.२२ बैंक मौज्दात बढी देखिएकोले भुक्तानी भई बर्षान्त पछी सटहीको विवरण एकिन गरी बैंक हिसाब मिलान विवरण तयार गरी दाखिला बांकि भएको दाखिला गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

अनुसूची २४ बैंक तथा नगद बाकी

| बैंकको नाम | खाता नं | खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| एन आई सि एशिया बैंक लि. | 2152050028990000 | ग १.१, आन्तरिक राजस्व खाता | २९२२४७५.६५ | २९२२४७५.६५ |
| एन आई सि एशिया बैंक लि. | 2152050028991000 | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | १५२५१०८२.७८ | ३८३०८०७.४१ |
| एन आई सि एशिया बैंक लि. | 2152050028992000 | ग १.३, आन्तरिक अनुदान खाता | ११७१६६६ | १२४६८०३५ |
| एन आई सि एशिया बैंक लि. | 2152050029005000 | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ५१८३६१७९.९७ | ६६६३९८४५.४४ |
| एन आई सि एशिया बैंक लि. | 2152050028994000 | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ४५७९७००९.६७ | ३५९४९७१२.२४ |
| एन आई सि एशिया बैंक लि. | 2152050028997000 | ग २.७, विविध खर्च खाता | ९०९३५८.६२ | ४३१२२६.१२ |
| एन आई सि एशिया बैंक लि. | L५CA०५२५७०२५२४०१ | ग ३.१, स्थानीय तह धरौटी खाता | १५०६३९१.०६ | १६९७१६५.२१ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | एन आई सि एशिया बैंक लि. | L५CA०५२५७०२५२४०२ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २६५१६५७७.११ | ४३८१९३५८.९४ | |
| | | | एन आई सि एशिया बैंक लि. | L५CA००००११२५२४०२ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ६०४१०९८ | १५४६०९८ | |
| | | | एन आई सि एशिया बैंक लि. | L५CA००००११२५२४०४ | ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ८९९००० | ८९९००० | |
| | | | एन आई सि एशिया बैंक लि. | २१५२०५०५२५७०२००६-१ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४२२५३०१.८७ | ६१२६१६९.०७ | |
| | | | बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | | | (१६१२९९२५.०४) | ०. | |
| | | | बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | | | १५९१०१२५.१७ | ०. | |
| | | | जम्मा | | | १५६८५६३४०.८६ | १७६३२९८९३.०८ | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्ने व्यवस्था छ । यस पालिकाले मिति २०७७।०४।०३ मा स्थानीय दररेट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । ऐनको पालना हुनुपर्दछ ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । यस बर्ष पालिकाले निर्माण गरेको ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा नर्म्सको विवरण प्राप्त हुन सकेन । आवश्यक कानुन एवं कार्यविधि निर्माण गरी सोको अभिलेख व्यवस्थीत गर्नुपर्दछ ।<br><br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाईयो।<br><br>· निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.६८,१७,८९२ खर्च लेखेको पाईयो । ऐनको पालना हुनुपर्दछ ।<br><br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाईएन ।<br>· सवारी साधनहको मर्मत सम्भार गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गरे अनुसार गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **बजेट पेश, पारित र अख्तियारी -**<br>**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले २०७७।०३।१० गते रु. ४२ करोड ५० लाख ३० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२८ मा पारित भएको छ। पालिकाको बिशेष सभाबाट संशोधीत आय व्यय रु. ४४ करोड ५२ लाख ५० हजारको बजेट पारित भएको छ। पारित बजेट ४४ करोड ५२ लाख ५० हजार भएको र प्राप्ति तथा भुक्तानी हिसाबमा ४३ करोड ४४ लाख ७४ हजार देखिएकोले बजेट अभिलेख फरक परेको सम्बन्धमा एकिन गर्नु पर्दछ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ११ | | | **अवण्डा**<br>**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष रु. ८ लाख अबण्डा राखेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **चौमासिक पूँजीगत खर्च**<br><br>**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | |
| | पालिका पुँजीगत | ७४६९४ | १९१२ | १३०६४ | ५९७१६ | ४५२७१ | ६९.५७ |
| | संघीय हस्तान्तरीत | ४९७२४ | २६० | १३६१ | ४८१०३ | ४३६६८ | ६५.४ |
| | प्रदेश हस्तान्तरीत | ३५९७ | ० | ० | ३५९७ | ३५९७ | ३५.९७ |
| | **कूल खर्च:** | **१२८०१५** | **2172** | **14425** | **१११४१६** | **९२५३६** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **क्षेत्रगत बजेट र खर्च**<br><br>**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २९०५३५९५ | १६००२७६७ | ४.७० |
| सामाजिक क्षेत्र | २२०७१५१९६ | १७८७५९५७३ | ५२.५२ |
| पूर्वाधार विकास क्षेत्र | ९०७५५४९८ | ५४१४१०११ | १५.९० |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| वित्तीय व्यवस्थापन र सुशासन | ४०३५७८०४ | २७१३३२९५ | ७.९७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०२२३८७१० | ६४३६२४८१ | १८.९१ |
| **जम्मा** | **४८३१२०८०३** | **३४०३९९१२८** | **१००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **खर्च विश्लेषण**<br>**खर्च बिश्लेषण** – पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२९,२२,४७५।०० राजस्व बाँडफाँड र अनुदानबाट रु.३८,८१,४०,०००।०० समेत रु.३९,१०,६२,४७५।०० आम्दानी भएकोमा चालु तर्फ रु.२१,२३,८३,०००।०० र पूँजिगत तर्फ रु.१२,८०,१६,०००।०० समेत रु.३४,०३,९९,०००।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.७५,३०,१००,०० खर्च भएको छ जुन आन्तरिक आयको २५७.६६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.३९ प्रतिशत चालु र ३७.६१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **योजना र कार्यान्वयन**<br>**योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ७ | ६७५००० |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | १०४ | ३०५५९८२२ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ३८ | २८५८८४०० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | २० | ४२३२०४३६ |
| ५ | ५० लाख भन्दा माथीका | ० | ० |
| | **जम्मा** | **१६९** | **१०२१४३६५८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **न्यायीक समिति**<br><br>:<br>**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बांकिको विवरण प्राप्त नभएकोमा यो बर्ष २ वटा उजुरी दर्ता भएकोमा २ फछ्र्यौट भई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाएको पाईयो । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>

**अनुदान फिर्ता**

**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा लेखापरीक्षण पश्चात मिति 2078।06।17 गते मात्र रु. 7,62,96,556।09 फिर्ता गरेको छ । खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा समयमा फिर्ता गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

<table>
<tr><th colspan="4">अनुसूची १२</th></tr>
<tr><th colspan="4">सशर्त/समपुरक /बिशेष अनुदानको समस्टिगत बिवरण</th></tr>
<tr><th>अनुदानको बिवरण</th><th>कुलप्राप्ति</th><th>कुलखर्च रकम</th><th>बाँकि रकम</th></tr>
<tr><td>शसर्त अनुदान (संघ)</td><td>२३,८५,१८,२८९</td><td>१७,३७,०३,१८१.११</td><td>६,४८,१५,१०७.८९</td></tr>
<tr><td>विषेश अनुदान (संघ)</td><td>१,५०,००,०००</td><td>१,१६,०४,६९८</td><td>३३,९५,३०२</td></tr>
<tr><td>शसर्त अनुदान (प्रदेश)</td><td>१,२०,०१,०००</td><td>४३,८६,८५३.८०</td><td>७६,१४,१४६.२०</td></tr>
<tr><td>जम्मा</td><td>२६,५५,१९,२८९</td><td>१८,९६,९४,७३२.९१</td><td>7,58,24,556.09</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कल्याण कोष**<br>**कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले ऐनको पालना हुनु पर्दछ । | |
| १९ | | | **कर्मचारी करार**<br>**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा 1१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२७,२७,३८०।०० भुक्तानी गरेको अनियमित देखिएको रु. | २,७२७,३८० |
| २० | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले रामप्रसादराई गाउँपालिकाको प्रोत्साहन भत्ता निर्देशिका, 2075 बनाई मासिक रुपमा गाउँपालिका अन्तरगतका कर्मचारीलाई तलबको 40 प्रतिशत र वडा अन्तरगतका कर्मचारीलाई तलबको 30 प्रतिशत गरी जम्मा रु.27,41,525। रकम कर्मचारी प्रोत्साहन भत्ता वापत भुक्तानी गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **पदाधिकारी थप सुविधा**<br>**पदाधिकारी थप सुविधा** – गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, 2075 (पहिलो संशोधन समेत) को दफा 3 को उपदफा 4 मा चाडपर्व खर्चको हकमा वर्षमा एकपटक सम्बन्धित स्थानीय तहकको आन्तरिक राजश्व र आम्दानीलाई विचार गरी गाउँपालिकाको सदस्यले रु. दश हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमाभित्र रही कार्यपालिकाले निर्णय गरे बमोजिम चाडपर्व खर्च पाउनेछ भनी व्यवस्था गरेको छ । पालिकाले बजेट व्यवस्था नगरी पदाधिकारी पारीश्रमिक शिर्षकबाट जम्मा रु.2९,५२,४७५।६५ आन्तरिक आम्दानी भएको अवस्थामा मिति 2075।06।27 को कार्यपालिका निर्णयलाई आधार मानी यस वर्ष 41 जना जनप्रतिनिधिलाई रु.10,000। का दरले जम्मा रु.4,10,000। चाडपर्व खर्च वापत भुक्तानी गरेको छ। यसरी बजेट व्यवस्था नगरी र पालिकाको आन्तरिक आम्दानी रु.२९,५२,४७५।६५ न्युन भएको अवस्थामा पदाधिकारीलाई चाडपर्व खर्च वापत भुक्तानी भएको सम्बन्धमा कानुनको पूर्ण पालना हुनु पर्ने देखिन्छ। | |
| २२ | | | **पदाधिकारी दोहोरो सुविधा**<br><br>**पदाधिकारी दोहोरो सुविधाः** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, 2075 को दफा 7(3) बमोजिम हलुका सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन भन्ने व्यवस्था रहेको छ । निम्नानुसारका पदाधिकारीहरुले हलुका सवारी साधन तथा मोटरसाईकल प्राप्त गरे पनि थप मासिक यातायात खर्च वापत भुक्तानी लिएकोमा यातायात सुविधा दोहोरो भएको कारण सम्बन्धित पदाधिकारीबाट असुल गर्नु पर्ने रु. | २२१,७६० |

| क्र.सं | पदाधिकारीको नाम पद | महिना | सवारी नं | मासिक दर (रु.) | यातायात वापत भुक्तानी भएको रकम रु. (कर कट्टी बाहेक) |
|---|---|---|---|---|---|
| 1. | गाउँपालिका अध्यक्ष | 077 श्रावण – 078 असार | 1475 | 10000 | ११८८00 |
| 2. | गाउँपालिका उपाध्यक्ष | 077 श्रावण – 078 असार | प्र.1-02-001 ब 3056 | 10000 | ११८८00 |
| 3. | वडा नं 1 वडा अध्यक्ष | 077 श्रावण-077 फागुन | को 1 ब 1857 | 4000 | ३१६८० |
| 4. | वडा नं 2 वडा अध्यक्ष | 077 श्रावण-077 फागुन | को 1 ब 1855 | 4000 | ३१६८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 5. | वडा नं 3 वडा अध्यक्ष | 077 श्रावण-077 फागुन | को 1 ब 1856 | 4000 | ३१६८० |
| 6. | वडा नं 4 वडा अध्यक्ष | 077 श्रावण-077 फागुन | को 1 ब 2539 | 4000 | ३१६८० |
| 7. | वडा नं 6 वडा अध्यक्ष | 077 श्रावण-077 फागुन | को 1 ब 1216 | 4000 | ३१६८० |
| 8. | वडा नं 7 वडा अध्यक्ष | 077 श्रावण-077 फागुन | को 1 ब 2572 | 4000 | ३१६८० |
| 9. | वडा नं 8 वडा अध्यक्ष | 077 श्रावण-077 फागुन | को 1 ब 2573 | 4000 | ३१६८० |
| **जम्मा** | | | | | **४५९३६0** |

***( उक्त बेरुजु कार्यालयको मिति २०७८-८-२१ को निर्णयानुसार गापा अध्यक्ष र उपाध्यक्षको प्रतिक्रियाबाट फर्स्यौट गरिएको)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **करार कर्मचारी थप सुविधा** | ४३९,२७० |

**करार कर्मचारी थप सुविधा** – सामान्य प्रशासन मन्त्रालयको चलानी नं 217 मिति 2074/01/25 मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति 2074/01/21 को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष 2074/075 बाट लागु हुने गरी कम्तिमा 6 महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा पालिकाले निम्नानुसारका दरबन्दी भित्र रहेका करारका कर्मचारीहरुलाई करार सम्झौतामा उल्लेख गरेको र कार्यपालिकाको मिति 2076।3।9 को निर्णयबाट भनी स्थायी कर्मचारी सरह महङ्गी भत्ता र स्थानिय भत्ता भुक्तानी गरेको सम्बन्धमा मन्त्रालयले दिएको निर्देशन विपरित भत्ता भुक्तानी गरेको नियमित नदेखिएको रु.

| **क्र.सं** | **करार कर्मचारीको नाम र पद** | **महङ्गी भत्ता (मासिक)** | **स्थानिय भत्ता (मासिक)** | **भुक्तानी अवधि** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| 1. | ई. सुजन घले | 2000 | 3940 | 077 श्रावण– 078 असार | 71280 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 3. | स.ई सरोज श्रेष्ठ | 2000 | 3210 | 077 श्रावण– 078 असार | 62520 | |
| | | | 4. | स.ई प्रविन राई | 2000 | 3210 | 077 श्रावण– 078 असार | 62520 | |
| | | | 5. | अ.स.ई सुकविर तामाङ्ग | 2000 | 2760 | 077 श्रावण– 078 असार | 57120 | |
| | | | 6. | अ.स.ई विश्वमणी राई | 2000 | 2760 | 077 श्रावण– 078 असार | 57120 | |
| | | | 7. | ना.प्र.स. पशु नरेन्द्र ब. कार्की | 2000 | 2760 | 077 पुस– 078 असार | 33320 | |
| | | | 8. | स.ई जागेश्वर मण्डल | 2000 | 3210 | 077 चैत – 078 असार | 20840 | |
| | | | 9. | प्रा.स. कृषि लक्ष्मी प्रधान | 2000 | 3210 | 077 पुस – 078 असार | 36470 | |
| | | | 10. | खा.पा.स.टे ओम प्रकाश माझी | 2000 | 2760 | 077 चैत – 078 असार | 19040 | |
| | | | 11. | अ.स.ई समिक्षा राई | 2000 | 2760 | 077 चैत – 078 असार | 19040 | |
| | | | **जम्मा** | | | | | **439270** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br><br>**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट निम्नानुसार रु.35,33,384। तलब भत्ता भुक्तानी गरेको नियमित नदेखिएको रु. | ३,५३३,३८४ |

| **गो.भौ.नं/मिति** | **कार्यक्रम/शिर्षक** | **अनुदान भुक्तानी रकम** |
|---|---|---|
| 309-078/3/15 | शैक्षिक गुणस्तरका लागि स्वयमसेवक शिक्षक प्रोत्साहन अनुदान | 1612884 |
| 160-077/12/12 | श्री वेहेरेश्वर मा.वि +2 संचालन खर्च अनुदान | 300000 |
| 280-078/3/8 | श्री सिंहेश्वरी मा.वि +2 संचालन खर्च अनुदान | 400000 |
| 298/078/3/14 | श्री पञ्चकन्या मा.वि भुल्के नमुना विद्यालय अनुदान | 870500 |
| 323-078/3/18 | विद्यालय कर्मचारी तथा स.का. प्रोत्साहन अनुदान | 350000 |
| **जम्मा** | | **3533384** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति**<br>**पूर्वनिर्धारित क्षतिपूर्तिः** (गो.भौ.नं 113-2077/11/1 चालु) - सार्वजनिक खरिद नियमावली, 2064 (संसोधन 2076) नियम 120 अनुसार विशेष परिस्थिति परी निर्माण व्यवसायीले प्रयास गर्दा गर्दै सम्झौतामा उल्लेखित समय भित्र कार्य सम्पन्न नभएमा म्याद थपको लागि 21 दिन अगाडी निवेदन दिनु पर्ने व्यवस्था छ। न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि ले पालिकाको आवधिक योजना निर्माणका लागि मिति 2076/11/14 मा रु.1808000।(भ्याट सहित) सम्झौता गरी मिति 2077 असार मसान्तमा सम्पन्न गर्ने भनिएकोमा कोभिड 19 का कारण समयमा काम सम्पन्न हुन सकेन। गाउँ कार्यपालिकाको मिति 2077/3/6 को निर्णयले योजनाको म्याद थप गरी मिति 2077/8/30 सम्म सम्पन्न गर्नुपर्ने भनिएकोमा फर्मले मिति 2077/10/29 मा मात्र प्रतिवेदन पेश गरेकोले सार्वजनिक खरिद नियमावलीको नियम 121 अनुसार म्याद थप भएको अवस्थामा समयमा काम सम्पन्न नगरेकोले प्रति दिन 0.05 प्रतिशतले कबोल अंक मु.अ.कर बाहेक रु. 16,00,000।- को 57 दिनको रु. 45,600।- पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने रु. | ४५,६०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>
वितरण भर्पाइ पेश नभएको
वितरण भर्पाइ पेश नभएको – (गो.भौ.नं 195-2077/12/19) - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पालिका भित्र रहेका विद्यालयका विद्यार्थीहरुलाई प्रविरा मेडिसिन सप्लायर्सबाट निम्नानुसारको सामाग्री (न्यानो कपडा) खरिद गरेकोमा सम्बन्धित विद्यार्थीलाई वितरण नगरी लेखापरीक्षणको अवधि मिति 2078।06।01 सम्म पनि कार्यालयमा मौज्दात राखेकोले यथाशिघ्र सम्बन्धित विद्यार्थीलाई वितरण गरी वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>सामाग्रीको विवरण</th><th>सामाग्रीको परिमाण</th><th>दर (रु.)</th><th>रकम</th><th></th></tr>
<tr><td>न्यानो कपडा 16,18 साइज</td><td>413 थान</td><td>700 प्रति थान</td><td>289100</td><td></td></tr>
<tr><td>न्यानो कपडा 20,22 साइज</td><td>285 थान</td><td>710 प्रति थान</td><td>202350</td><td></td></tr>
<tr><td>न्यानो कपडा 24,26 साइज</td><td>258 थान</td><td>775 प्रति थान</td><td>199950</td><td></td></tr>
<tr><td>न्यानो कपडा 28,30,32 साइज</td><td>152 थान</td><td>840 प्रति थान</td><td>127680</td><td></td></tr>
<tr><td colspan="3">13 प्रतिशत भ्याट</td><td colspan="2">106480</td></tr>
<tr><td colspan="3">जम्मा</td><td colspan="2">925560</td></tr>
</table>
( उक्त बेरुजु कार्यालयको मिति २०७८-८-२१ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**सक्कल बील पेश नभएको**

**सक्कल बील पेश नभएको:**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार बिलको छायाप्रति राखी भुक्तानी दिएकोले सक्कल बिल पेश गर्नु पर्ने रु.

<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>फर्मको नाम</th><th>विजक नं/विजक मिति</th><th>सामान</th><th>रकम</th></tr>
<tr><td>77-77/10/13</td><td>इ-स्पोर्ट मिडिया प्रा.ली काठ्माडौँ</td><td>009 /77-9-27</td><td>प्रेस क्लिपिङ सेवा</td><td>4500</td></tr>
<tr><td>355-78/3/22</td><td>नेपाल विद्युत प्राधिकरण (स्वास्थ्य चौकी ओख्रे )</td><td>002/08/202</td><td>विद्युत विल</td><td>6030</td></tr>
<tr><td>405-78/3/27</td><td>इ-स्पोर्ट मिडिया प्रा.ली काठ्माडौँ</td><td>029/77-12-30</td><td>प्रेस क्लिपिङ सेवा</td><td>4500</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>15030</td></tr>
</table>

***( उक्त बेरुजु कार्यालयको मिति २०७८-८-२१ को निर्णयानुसार इ-स्पोर्ट मिडिया प्रा.ली काठ्माडौँ को प्रतिक्रियाबाट फस्योंट गरिएको)***

</td><td>६,०३०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **भुक्तानीमा कर**<br>**भुक्तानीमा कर**– आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेपनि कम कट्टा गरेको कारण सम्बन्धितबाट असुल गरी संघिय राजश्व खातामा दाखिला गर्नुपर्ने रु.<br>(तालिका तल)<br>( उक्त बेरुजु कार्यालयको मिति २०७८-८-२१ को निर्णयानुसार प्रतिक्रियाबाट अधिवक्ता हिमादेवि बस्नेत वसह पैरवी वापत पारिश्रमिक (1% मात्र कट्टी भएको) फस्र्यौट गरिएको) | १२,६०० |
| २९ | | | **वितरण मूखी कार्यक्रम**<br>**वितरणमुखी कार्यक्रम** - स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिदैन। कार्यालयले संस्कृति संरक्षण ,खेलकुद समूह गठन, खेलकुद कार्यक्रम, रासायनिक मल ढुवानी अनुदान, चेतनामुखी कार्यक्रम, विभिन्न तालिम संचालन, सामाग्री खरिद, स्वास्थ्य कार्यक्रम, कृषि कार्यक्रम जस्ता कार्यमा रु.1,29,59,999। भुक्तानी खर्च लेखेको देखिन्छ। यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ। | |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| 133-78/11/13 | अधिवक्ता हिमादेवि बस्नेत वसह पैरवी वापत पारिश्रमिक (1% मात्र कट्टी भएको) | 51000 | 15 % | 7140 |
| 396-78/3/25 | मन्जु लिम्बु गुरुङ तीन महिने ढाका बुनाइ तालिम वापत पारिश्रमिक (1% मात्र कट्टी भएको) | 90000 | 15 % | 12600 |
| | **जम्मा** | | | **19740** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **गर्भवती आमा पोषण कार्यक्रम**<br>**गर्भवती आमा पोषण कार्यक्रम** – (गो.भौ.नं 313-78/3/16 र 365-78/3/24) – गाउँपालिका भित्रका गर्भवती तथा सुत्केरी आमाको पोषण स्थीति सुधार गर्न आ.व. 2077।78 मा गाउँसभाबाट गर्भवती आमा पोषण कार्यक्रममा बजेट विनियोजन भएकोमा संघिय सरकारबाट आमा सुरक्षा कार्यक्रम कार्यान्व्यन भइरहेकै अवस्थामा उस्तै प्रकृतिको कार्यक्रममा मिति 2077।06।28 मा स्वास्थ्य शाखाबाट प्रस्ताव पेश भइ अध्यक्ष, उपाध्यक्षद्वारा स्वीकृत भएको ए.एन.सी कार्ड, नागरिकताको प्रतिलिपि र वडाको सिफारिसमा आधारमा प्रति व्यक्ति रु.5000। का दरले 223 व्यक्तिलाई रु. 11,15,000। भुक्तानी भएकोमा नियमानुसार कार्यविधि बनाउनु पर्नेमा कार्यविधि बेगर भुक्तानी गरेकोमा कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ३१ | | | **तालिम कार्यक्रम**<br><br>**तालिम कार्यक्रम** – अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका 2075 (सातौं संस्करण) को बुदा 7.1.1.15(4) मा भएको व्यवस्था बमोजिम गाउँपालिका स्तरिय तालिम कार्यक्रममा सहायक स्तरको प्रशिक्षण कार्यक्रममा प्रशिक्षण र कार्यपत्र वापत रु.1300। प्रति सेसन पाउने व्यवस्था भएपनि निम्नानुसारको तालिम कार्यक्रममा व्यवस्था भएको भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु. | ६,१२० |

| **गो.भौ.नं/ मिति** | **तालिम कार्यक्रमको नाम** | **प्रशिक्षक / कार्यपत्रकर्ताको नाम** | **प्रशिक्षण वापत भुक्तानी रकम** | **पाउने रकम** | **बढी भुक्तानी रकम (कर बाहेक)** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| 258-078/2/30 | गा.पा.स्तरिय अगुवा कृषि तालिम ( 6 सेसन ) | प्रा.स. योगेन्द्र राई | 2500 प्रति सत्र | 1300 प्रति सत्र | 6120 | प्रशिक्षण वापत |
| **जम्मा** | | | | | **६१२०** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **खाना तथा विविध खर्च**<br>**खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४,९५,०२९।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ३३ | | | **आर्थिक सहायता** –<br>**आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ मिति २०७५।०२।०८ मा गाउँ कार्यपालिकाबाट स्वीकृत गरी आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष ३६ व्यक्ति एवं भोजपुर नगरपालिका वडा नं. ५ का २ जनप्रतिनिधिलाई रु.२,००,०००।०० सहित रु.११,५५,०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ३४ | | | **उपभोक्ता समिति दर्ता**<br>**उपभोक्ता समिति दर्ता**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १४६ उपभोक्ता समितिसँग सम्झौता गरी रु.६,६७,०३,७२१।०० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन।त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| ३५ | | | **हेभी इक्विपमेण्टको प्रयोग** —<br><br>**हेभी इक्विपमेण्टको प्रयोग**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यस बर्ष पालिकाले ४६ योजनाबाट रु.१,६१,८६,६७२।०० उपभोक्ता समितिलाई भुक्तानी गर्दा सो मध्ये रु.१,०८,८४,५६५.९७ लागत बराबरको हेभि मेशिन प्रयोगको प्राविधिक कार्यमुल्यांकन भएको देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप हेभि मेशिन आवश्यक नपर्ने स्थानीय स्तरमा रोजगारी सृजना गर्ने, जनसहभागिता गर्न सक्ने श्रममा आधारित योजनाहरुमात्र उपभोक्ता समितिबाट कार्यान्वयन गराउनुपर्दछ ।

| उपभोक्तासमितिको नाम | कामको बिबरण | वाडा नं. | उ.स.भुक्तानी रकम | प्रयोग गरेकोहेभी उपकरण | हेभी उपकरणमाभएको खर्च | मेशिनले कामगरेको मूल्याङ्कन |
|---|---|---|---|---|---|---|
| Juneli aa.vi khel maidan nirman samiti | Ground (Back cutting) | १ | 116700 | Backhoe loader | 116700 | 129739 |
| Bhirale krishi sadak nirman samiti | Road New track | १ | 372322 | Excavator | 372322 | 414316 |
| khakanla krishi sadak nirman samiti | Road New track | १ | 384000 | Backhoe loader | 217661.4 | 241846 |
| kumaledanda krishi sadak nirman samiti | Road New track | १ | 191000 | Backhoe loader | 191000 | 212471.2 |
| Sadak istarunnati | Road maintenance | १ | 124000 | Backhoe loader | 95597.1 | 106219 |
| Bojheni sadak nirman | New track+ Backcutting | १ | 467000 | Backhoe loader | 406017 | 451130 |
| Chintangdevi aa.vi khel maidan nirman samiti | New ground | २ | 367600 | Backhoe loader | 176272.2 | 195858 |
| Sadak marmat sambhar samiti | Road maintenance | २ | 288000 | Backhoe loader | 165424.5 | 183805 |
| katunje ma.vi marmat tatha khel maidan nirman samiti | Ground (Back cutting) | २ | 743000 | Backhoe loader | 199477.8 | 221642 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Gumba nirman ward istariye nirman samiti | Road new track | ३ | 450000 | Backhoe loader | 11169.432 | 12410.48 | |
| | | | Sabik ward 5 deule dukhuna shichai kulo pokhori gherabar and khelmaidan nirman samiti | Ground (Back cutting) | ३ | 192000 | Backhoe loader | 45378.558 | 50420.62 | |
| | | | Sadak istraunnati upabhokta samiti | Road Backcutting+ maintenance | ३ | 158000 | Backhoe loader | 158000 | 179566.19 | |
| | | | kamidanda krishi sadak nirman | Road new track+ Back cutting + maintenance | ३ | 189510 | Excavator | 138499.047 | 153887.83 | |
| | | | Tol no 6 krishi sadak istarunnati and Nirman samiti | Road New track + old road (maintenance) | ४ | 306000 | Excavator | 154543.932 | 171715.48 | |
| | | | Behere doban jane bato nirman | Road maintenance | ४ | 202000 | Excavator | 44650.26 | 49611.4 | |
| | | | Nabadurga ma.vi khelmaidan and manch | New ground | ४ | 384000 | Backhoe loader | 131401.314 | 146001.46 | |
| | | | Tol No.2 sadak istarunnati | Road (grade maintenance) | ४ | 239700 | Excavator | 165049.443 | 183388.27 | |
| | | | Basuwa dakshinkali sundarichwok sadak nirman samiti | Road New track | ५ | 643000 | Excavator | 499200.786 | 554667.54 | |
| | | | Ghising turning bata gogunbote ghar samma sadak nirman samiti | Road New track | ५ | 709000 | Excavator | 503124.129 | 559026.81 | |
| | | | Sabai sadak istaunnati Nirman samiti | Old road (Maintenance ) | ५ | 480000 | Backhoe loader | 199506.825 | 221674.25 | |
| | | | Timure tuntang sadak Nirman samiti | Road New track | ५ | 308500 | Excavator | 308500 | 343021.63 | |
| | | | Khel maidan Nirman samiti | New ground | ६ | 1243000 | Excavator | 976861.08 | 1085401.2 | |
| | | | Manedanda Tati sadak nirman samiti | Road New track | ६ | 480000 | Excavtor | 480000 | 534028.29 | |
| | | | Khandanda hatuwali khola sadak nirman | Old road (Maintanace | | 183000 | Backhoe | 47015.271 | 52239.19 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | samiti | ) | ६ | | loader | | | |
| | | | Sadak istarunnati ward no. 6 | Old road (Maintenance ) | ६ | 76500 | Backhoe loader | 76500 | 85076.27 | |
| | | | Kafaltar bohora bhanjyang panigaira sadak nirman samiti | Road New track | ६ | 683500 | Excavator | 444474.8529 | 493860.9477 | |
| | | | Khel maidan nirman ward no.6 nirman samiti | Ground (Back cutting) | ६ | 177000 | Excavator | 177000 | 197042.59 | |
| | | | Choktang sadak nirman samiti | New track + old road (maintenance) | ६ | 643000 | Excavator + Backhoe loader | 385033.419 | 427814.91 | |
| | | | Tol no 7 khel maidan Baikunthe nirman samiti | Ground (Back cutting) | ६ | 96000 | Backhoe loader | 96000 | 107425.74 | |
| | | | Ambote sirise sadak | Road New Track | ६ | 469000 | Excavator | 342391.797 | 380435.33 | |
| | | | Mahadevtar sadak nirman samiti | Road New track + old road (maintenance) | ७ | 266000 | Excavtor | 42614.1 | 47349 | |
| | | | Sangirang sadak suvey tatha nirman samiti | Road New track | ७ | 351000 | Excavator | 254122.2 | 282358 | |
| | | | Shree panchami bar krishi sadak marmat samiti | Road Back cutting | ७ | 254000 | Backhoe loader | 148765.941 | 165295.49 | |
| | | | Chinamchha khukla sadak nirman samiti | Road New track | ७ | 693500 | Excavator | 499893.705 | 555437.45 | |
| | | | Deurali chandithan sadak nirman samiti | Road New track | ७ | 412000 | Excavator | 412000 | 458170.58 | |
| | | | Bahurang sadak survey tatha nirman samiti | Road New track | ८ | 212140 | Excavator | 202443.3 | 224937 | |
| | | | khoksik khel maidan nirman samiti | Ground (Back cutting) | ८ | 461000 | Backhoe loader | 388846.8 | 432052 | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Khoksik sadak marmat samiti | Road Back cutting+ maintenance | ८ | 1213000 | Excavator+ Backhoe loader | 220875.3 | 245417 |
| Furkeni soti sadak ward no.8 | Road Back cutting | ८ | 765700 | Excavator | 98375.616 | 109306.24 |
| Oda sadak marmat samiti | Road Back cutting | ८ | 192000 | Backhoe loader | 196650.522 | 218500.58 |
| | | | 16186672 | | 9789359.63 | 10884565.97 |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **जटिलसंरचना निर्माण** | |

३६.१

**जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १४९-०७८।३१७ | केन्द्रीय विद्युत लाईन बिस्ता उ.स., वडा नं. ८ | पि.एस.सि. पोल खरिद गरी ईन्स्टलेसन गर्ने | ९२१००० |
| ४९,१९०-०७८।०३।२३ | तातोपानी लिफ्ट खानेपानी आयोजना | ट्याङ्की, पिलर, ईलेक्ट्रीफिकेशन, पम्प खरिद लगायत | १७७४७६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.२ | | | **अधुरो तातोपानि लिफ्ट खानेपानि योजनाः** पालिकाबाट रु.३८,००,०००।०० सहित रु.४५,६१,४३१।१२ लागत बराबरको कार्य गर्ने गरी उपभोक्ता समिति सँग मिति २०७८।०३।२० भित्र सम्पन्न गर्ने गरी मिति २०७७।०९।०२ मा सम्झौता भएकोमा उक्त अवधीसम्म भौतिक प्रगति ५५ प्रतिशत र वित्तीय प्रगति ४८.६५ भई योजना अधुरो रहेको छ । उपभोक्ता समितिले सम्झौताको म्याद भित्र कार्यसम्पन्न गर्न नसक्नु तथा कानूनत उपभोक्ता समितिको अवधी १ बर्षभन्दा बढी नहुने अवस्था रहे संगै योजनाको पुर्ण संचालन भई खर्चको उपलब्धि तथा लाभग्राहीले लाभ पाउनबाट बंञ्चित रहेको पाईयो । लिफ्टिङ गर्ने कार्य अन्तर्गत ईन्टेक, भल्ब चेम्बर, ब्रेक प्रेसर, सेडानेटर ट्याङ्की, ईलेक्ट्री फिकेसन, पम्प ईन्सटलेसन, क्लोरिनेशन जस्ता कार्य आईटमहरु रहेको यस योजनामा निर्माणको क्रममा Quality & Quantity assurance को लागि समितिसंग आफ्नै प्राविधिक नभएको, आवश्यक मेशिन उपकरण खरिद तथा जडानको लागि विज्ञता नभएको अवस्थामा समेत समितिलाई जिम्मेवारी दिदा कार्यसम्पन्न हुन नसक्नुको अतिरिक्त योजना स्वामित्व विहिन हुन पुगेको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्प**m**त् गराउनु पर्दछ । | |
| ३७ | | | **जनश्रमदान**<br>**जनश्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट कार्य गराउँदा अनिवार्य जनसहभागिता जुटाउनुपर्ने व्यवस्था बमोजिम पालिकाको कार्यपालिकाको निर्णयानुसार निर्माण कार्यमा १० प्रतिशत तथा बांकि अन्य प्रकारको योजनामा ५ प्रतिशन जनसहभागित हुने गरी योजनाको सम्झौता, मुल्यांकन तथा भुक्तानी भएको छ । प्राप्त विवरण अनुसार यस बर्ष रु.८,०५,१०,४६४।०० बराबरको खर्च १४६ वटा योजना उपभोक्ता समतिबाट कार्यान्वयन हुँदा रु.१,३८,०६,७४३।०० जनसहभागिता योगदान रेहको देखिन्छ । अधिकतम जनसभागिता सहित योजना कार्यान्वयन गर्नुपर्दछ । | |
| ३८ | | | **सम्झौता अनुसार कार्य नभएको**<br>**सम्झौता अनुसार कार्य नभएको** - उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालिकाले सिंचाई तथा खानेपानि व्यवस्थापन कार्यको लागि बिभिन्न ४ वटा उपभोक्ता समितिसँग रु.८,००,०००।०० को कार्य गर्ने गरी सम्झौता भएकोमा कार्यन्वयन भएको पाईएन । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको छ । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **शुन्य प्रगति भएको योजनाः**<br>**शुन्य प्रगति भएको योजनाः** स्वीकृत कार्यक्रम अनुसार समयमै कार्यक्रम संचालन गरी बार्षिक लक्ष्य हासिल गर्नु पर्नेमा निम्न कार्यक्रमहरु संचालन भएको पाईएन । बार्षिक कार्यन्वयन तालिका बनाई स्वीकृत कार्यक्रमहरु सम्पन्न गर्नु पर्दछ । | |

| सि.नं. | सभाबाट स्वीकृत योजना | विनियोजीत बजेट | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | व्याकहो लोडर मेशिन खरिद | ४७००००० | शुन्य प्रगति |
| २ | केन्द्रीय बिद्युत लाईन बिस्ता, वडा नं. ७ | १५००००० | शुन्य प्रगति |
| ३ | मुख्य सडक भुसंरक्षण कार्यक्रम | ३००००० | शुन्य प्रगति |
| ४ | पर्यटन पूर्बाधार विकास कार्यक्रम | ५००००० | शुन्य प्रगति |
| ५ | थापा देवालय व्यवस्था, बैकुण्ठे | १५०००० | शुन्य प्रगति |
| ६ | गाउँपालिका स्तरीय सिंचाई योजना | १००००० | शुन्य प्रगति |
| ७ | चिसापानि खानेपानि मर्मत तथा तार घेराबारा, वडा नं. १ | २००००० | शुन्य प्रगति |
| ८ | दमईखोला सिंचाई योजना, वडा नं. २ | २००००० | शुन्य प्रगति |
| ९ | दधिनि देउले सिंचाई पाईप व्यवस्थापन, वडा नं. ३ | १५००००० | शुन्य प्रगति |
| १० | सरकारी कुलो मर्मत तथा पाईप खरिद, वडा नं. ६ | २००००० | शुन्य प्रगति |
| ११ | वडा नं. २ (साविक-८) खानेपानि व्यवस्थापन | २००००० | शुन्य प्रगति |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **ठेक्का बन्दोबस्त र प्रतिस्पर्धाः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **ठेक्का बन्दोबस्त र प्रतिस्पर्धाः-** पालिकाले यो बर्ष देहायबमोजिम योजनाहरु बोलपत्रबाट संचालन गरेको छ । ठेक्कामा प्रतिस्पर्धा तथा कार्यान्वयनको स्थिती निम्नानुसार छः | |

| **सि.नं.** | **आयोजनाको नाम** | **ठेक्का नं.** | **निर्माण कम्पनी** | **लागत अनुमान (मुअकर सहित)** | **सम्झौता रकम** | **घटी प्रतिशत** | सम्झौता मिति |
|---|---|---|---|---|---|---|---|
| 1 | वडा नं. ८ को कार्यालय भवन निर्माण | १-२०७७।७८ | R and RR Nirman Sewa | 5859970.284 | 3962529.75 | 32.38% | 7/20/2077 |
| 2 | Ward Office Building Construction 2 | 02/RPRRMUN/2077/078 | Balkanya Devi Katak Bahadur Nirman Sewa | 5820192.228 | 3692169.72 | 36.56% | 7/21/2077 |
| 3 | Dhodlekhani Lift water Supply system | 03/RPRRMUN/2077/078 | Rijan & Riyana Construction | 9600000 | 7090147.37 | 26.14% | 9/2/2077 |
| 4 | Procurement of Steel Parts Fabrication for Chukuwa Khola Trail Bridge | 04/RPRRMUN/2077/078 | Lumbini Engineering Works | 1201708.34 | 1100256.08 | 8.44% | 11/3/2077 |
| 5 | Chhapmakhola-Yambak Road | 05/RPRRMUN/2077/078 | Kosheli Nirman Sewa | 2112000 | 760750.23 | 63.98% | 1/2/2078 |
| 6 | Baikunthe-Dhodlekhani-Filungetar Road Upgrading | 06/RPRRMUN/2077/078 | Kosheli Nirman Sewa | 2350000 | 1009801.69 | 57.03% | 1/2/2078 |
| 7 | Laharebar-Beheredham-Kerabari Road Upgrading | 07/RPRRMUN/2077/078 | SM Construction | 1870000 | 875949.57 | 53.16% | 12/18/2077 |
| 8 | Baikunthe-Bhaledhunga-Ganga Khola Road- 6 | 08/RPRRMUN/2077/078 | SM Construction | 1440000 | 689892.86 | 52.09% | 12/18/2077 |
| 9 | Okhre Health Post | 09/RPRRMUN/2077/078 | Kosheli Nirman | 8425000 | 4627605.59 | 45.07% | 1/2/2078 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Building Construction | | Sewa | | | | |
| 10 | Pakhuwa Yawarang Water Supply | 11/RPRRMUN/2077/078 | Nath Nirman Sewa | 7728640 | 4945485.69 | 36.01% | 3/8/2078 |
| | Total | | | 46407510.85 | 28754588.55 | | |

आर्थिक कार्यविधि नियमावली, २०६४ मा निर्धारीत समयमा कार्य सम्पन्न गर्न लागत अनुमान तयारी गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधीमा समाप्त गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष १० वटा ठुला योजनाहरु बोलपत्रको माध्यमबाट संचालन गरेकोमा २ वटा योजनामात्र प्रथम चौमासिकमा ठेक्का सम्झौता गरी बांकि मध्ये २ वटा योजना दोस्रो र ६ वटा योजना तेस्रो चौमासिकमा ठेक्का सम्झौता गरेको छ । बर्षको अन्त्यमा ठेक्का सम्झौता गर्दा अवधि कम हुने, बर्षान्तको समयमा कार्य गर्दा पर्याप्त अनुगमन मुल्यांकन हुन नसक्ने र गुणस्तर सुनिश्चितता नहुन सक्दछ । बार्षिक खरिद गुरु योजना बनाई पहिलो चौंमासिक भित्र ठेक्का बन्दोबस्त गरिसक्ने र बर्षान्तको समय अगाबै सम्झौता अनुसारको कार्य गरी बजेट तथा योजना कार्यान्वयन गर्नुपर्दछ ।

| ४१ | | | **म्याद थपः** | |
|---|---|---|---|---|

४१.१

**म्याद थपः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) मा काबु बाहिरको परिस्थिती र सार्बजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेको वा अन्य मनासिव कारणबाट नबढाई नहुने भएमा मात्र सम्झौता गर्ने व्यक्ती तथा निर्माण कम्पनीको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधी बढाउन सक्ने व्यवस्था छ । पालिकाबाट यस बर्ष संचालित १० वटा ठेक्का बन्दोबस्त भएकोमा ३ योजना ठेक्का सम्झौता अवधीमा, ४ योजना म्याद थप गरी आर्थिक बर्षको अन्त्यसम्ममा र ३ वटा ठेक्का सम्झौता अवधी भित्र कार्यसम्पन्न नभई अधुरो रहेको पाईयो । जम्मा ७ वटा योजनाको म्याद थप गरिएकोमा पालिकाले काबु बाहिरको परिस्थिती वा अन्य मनासिव कारणबाट समयमै कार्य हुन नसकेको वा निर्माण कम्पनीको लापरबाही तथा ढिलासुस्तीको कारणले सम्पन्न हुन नसकेको फरक गरी म्याद थप गर्नुपर्ने मा कोभिड महामारीको कारण र कम अवधी देखाई देहाय अनुसार म्याद थप गरिएको छः

| **सि. नं.** | **योजना** | **ठेक्का नं.** | **निर्माण कम्पनी** | **सम्झौता रकम** | **खर्च** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने** | **म्याद थप** | **सम्पन्न मिति** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चुकुवा खोला ट्रेल ब्रिजको स्टिल पार्टस खरिद | 04/RPRRMUN/2077/078 | लुम्बिनि ईन्जीनीयरीङ वर्क्स | ११००२५६.८ | १०९९३४७.९१ | २०७७।११।०३ | २०७८।०१।०३ | २०७८।०३।१५ | २०७८।०३।१० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छाप्माखोला याम्बाक रोड | 05/RPRRMUN/2077/078 | कोशेली निर्माण सेवा | ७६०७५०.२३ | ७०६३२९.४७ | २०७८।०१।०२ | २०७८।०३।०२ | २०७८।०३।२० | २०७८।०३।२५ | |
| | | | ३ | बैकुण्ठे देखि धोद्लेखानी हुँदै फिलुङ्गेटार सडक स्तरउन्नती | 06/RPRRMUN/2077/078 | कोशेली निर्माण सेवा | १००९८०१.७० | ८४४८५५.९ | २०७८।०१।०२ | २०७८।०३।०२ | २०७८।०४।३० | अधुरो | |
| | | | ४ | लहरेबर बेहेरेथान केराबारी सडक स्तरउन्नती | 07/RPRRMUN/2077/078 | एस. एम. कन्स्ट्रकसन | ८७५९४९.५७ | ७८०६०० | २०७७।१२।१८ | २०७८।०२।१८ | २०७८।०३।०५ | २०७८।०३।०५ | |
| | | | ५ | बैकुण्ठे, भालेढुङ्गा, गंगाखोला रोड | 08/RPRRMUN/2077/078 | एस. एम. कन्स्ट्रकसन | ६८९८९२.८६ | ६३७५६८.६ | २०७७।१२।१८ | २०७८।०२।१८ | २०७८।०३।०५ | २०७८।०३।०५ | |
| | | | ६ | ओख्रे हेल्थपोष्ट भवन निर्माण | 09/RPRRMUN/2077/078 | कोशेली निर्माण सेवा | ४६२७६०५.०६ | ४१६२२५३ | २०७८।०१।०२ | २०७८।०३।३० | २०७८।०५।३१ | अधुरो | |
| | | | ७ | पखुवा याङबाराङ खानेपानी योजना | 11/RPRRMUN/2077/078 | नाथ निर्माण सेवा | ४९४५४८५.०६ | ३४०९३४५.६३ | २०७८।०३।०८ | २०७८।०५।३१ | | अधरो | |
| | | | | जम्मा | | | १४००९७४२ | ११६४०३१० | | | | | |
| ४१.२ | | | **पूर्व निर्धारीत क्षतिपुर्तिः** प्राप्त म्याद थप निवेदनहरु मध्ये खरिद सम्झौता गर्नेको लापरबाही वा ढिलासुस्तीका कारण समयमा कार्यसम्पन्न नगरेको एकिन निर्माण व्यवसायीलाई सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरेर मात्र म्याद थप गर्नुपर्नेमा गरेको छैन । तोकिएको अवधि भित्र कार्य सम्पन्न गर्ने प्रतिवद्धता जनाउन लगाई म्याद गरेबाट पूर्ब निर्धारीत क्षतिपुर्ति नलिने गरी म्याद गरेको पाईयो । खरिद सम्झौताको पालना गरी सममै कार्यसम्पन्न गर्न पालिकाले यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.३ | | | **म्याद थप निवेदनः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काईस (२१) दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने व्यवस्था भएकोमा सोको पालना भएको छैन । केही उदाहरणः | |

| ठेक्का नं. | योजना | सम्पन्न गर्नु पर्ने | म्याद थपको निवेदन |
|---|---|---|---|
| ८-२०७७।०७८ | बैकुण्ठे, भालेढुङ्गा, गंगाखोला रोड | २०७८।०२।१८ | २०७८।०२।१७ |
| ६-२०७७।०७८ | बैकुण्ठे देखि धोद्लेखानी हुँदै फिलुङ्गेटार सडक स्तरउन्नती | २०७८।०३।०२ | २०७८।०३।०६ |
| ९-२०७७।०७८ | ओख्रे हेल्थपोष्ट भवन निर्माण | २०७८।०३।३० | २०७८।०३।२० |

तेस्रो चौमासिकमा ठेक्का सम्झौता हुनु र समयमा कार्यसम्पन्न हुन नसक्नुमा बर्षको अन्त्य तिर खर्च गर्ने अख्तियारी प्राप्त भई ढिलो बजेट निकासा हुनाले कार्यान्वयनमा ढिलाई भएको पालिकाको भनाई रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **भेरीयसनः**<br>**भेरीयसनः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्बानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यन्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश जारि गर्न सक्ने व्यवस्था रहेको छ । साथै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ भेरियसन जारी गर्दा प्राविधिक पुष्ट्याई समेत पेश गर्नुपर्ने व्यवस्था छ । धोद्लेखानि खानेपानि लिफ्टिङ आयोजना (३-०७७।०७८) रु.७०,९०,१४७.३७ मा रिजन ऐण्ड रियाना कन्स्ट्रकशन (६०९५६३७४०) सँग सम्झौता भएकोमा आईटम भेरियसन गरी रु.७२,०६,३०८।९७ लागत हुनेगरी सम्झौता गरिएको छ । Revised contract doucment अनुसार Ferocement tank निर्माणको लागि form work को रुपमा HDPE pipe आवश्यक भएको र सो पाईप BOQ को आईटममा नभएकोले भेरियस गर्नु परेको कारण पेश सम्बन्धमा यसलाई पूर्बानुमान गर्न नसकिएको परिस्थि भन्न सकिएन । योजनाको शुरु BOQ मा समाबेश गर्नुपर्ने आईटमको रहेकोमा आईटमनै छुट भएकोले प्राविधिकको नापि किताब तथा लागत अनुमानको बिश्वसनियता कमजोर देखिएको छ । थप व्यहोराः<br>· भेरियसन आदेशबाट थप भएको पाईप खरिद तथा ढुवानीको आईटम पुन दरभाउ पत्र माग गरी दर निर्धारणबाट कायम गरिएको व्यहोरा पेश गरेको छ ।<br>· थप भएको १४०० मिटर पाईप ट्याङकी निर्माण सम्पन्न भए पश्चात पुन प्रयोग गर्न मिल्ने हुँदा उक्त पाईपको मौज्दात एकिन हुनु पर्दछ ।<br>· प्राविधिकको सिफारिश सहित कार्यालय प्रमुखबाट स्वीकृत भएको विवरण पेश गरि खरिद ऐन र नियमावलीको पालना गरिएको पालिकाको भनाई रहको छ ।<br>भेरियसन आदेशबाट रु.१,१६,१६४।०० बढी व्ययभार परेको देखिएतापनि योजना कार्यसम्पन्न हुँदा अन्य सहायक आइटमहरुमा घटी मुल्यांकन भई शुरु सम्झौता रकम भन्दा बढि भुक्तानी देखिएन । | |
| ४३ | | | **लहरेबर बेहेरेथान केराबारी सडक**<br>**लहरेबर बेहेरेथान केराबारी सडक**(७-२०७७।७८) सडकको स्तरउन्नती, चौडाई बिस्तार तथा ढुङ्गा सहितको तारजाली बक्स निर्माण गर्ने गरी बोलपत्र आह्वान गरिएकोमा रु.८,७५,९४९।५७ (ल.ई. रु.१८,७०,०००।००) कबोल गर्ने एस.एम. कन्स्ट्रकसन छनौट भई म्याद थपको अवधीमा कार्य सम्पन्न भएको भनि प्राविधिक मुल्यांकन अनुसार रु.७,८०,६००।०० वडा नं. तातोपानी लिफ्टिङ खानेपानी आयोजनामा विनियोजित शिर्षकबाट भुक्तानी भएको छ । पालिकाले प्रदेश राजस्व बांडफाट बाट सोधभर्ना हुने गरी गाउँसभाबाट रु.२०,००,०००।०० (कन्टिन्जेन्सी र सर्भे खर्च रु.१,३०,०००।०० सहित) को कार्यक्रम स्वीकृत गरेकोमा पर्याप्त बजेट नआएको र तातोपानि लिफ्टिङ खानेपानि आयोजनामा विनियोजित रकमबाट पालिका प्रमुखबाट निर्णय गरी भुक्तानी दिएको विवरण उल्लेख छ । प्रदेश राजस्व बांडफांडबाट सोधभर्ना हुनेगरी स्वीकृत गरिएको कार्याक्रममा समयमै स्रोत प्राप्तिको पहल नगरी पालिकाको वित्तीय समानिकरणबाट स्वीकृत भएको योजनालाई सम्झौता अनुसार कार्यन्वयन गराउनुको सट्टा सो योजनाको बजेटबाट सोधभर्ना दिनु मनासिब देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **रिटेन्सन मनिः**<br><br>**रिटेन्सन मनिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ४ मा सार्वजनिक निकायले उपनियम १ बमोजिम भूक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा विजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ। योजना कार्यसम्पन्न पश्चात निर्मित संरचनाको गुणस्तरियता सुनिश्चित सम्बन्धमा थप १ वर्ष त्रुटी सच्चाउने अवधिको दायित्व हुने र सो को सुनिश्चितताको लागि रिटन्सन मनी कट्टा गर्नुपपर्ने हुन्छ। दायित्व बहन अवधि पुरा भएपश्चात मात्र फिर्ता गर्ने गरी व्यवस्था गर्नुपर्नेमा पालिकाले देहायको योजनाको भूक्तानीमा कट्टा नगरेको रु. | २८७,६६७ |

| भौ.नं. र मिति | योजनाको नाम | भुक्तानी पाउने (निर्माण कम्पनी) | भुक्तानी रकम (मुअकर सहित) | कट्टी गर्नु पर्ने रिटेन्सन मनि (५%) |
|---|---|---|---|---|
| २८-२०७८।०३।२७ | तातोपानि लिफ्ट खानेपानि आयोजना, वडा नं. ६ | एम. ऐस कन्स्ट्रकशन (६१२०५९७१३) | ७८०६०० | ३६३३६ |
| ४६-२०७७।११।०७ | बिद्युत लाईन बिस्तार | बिजय निर्माण सेवा(६०९११०८७६) | १७८६६२० | ७९०५४ |
| १७९-२०७८।०३।२२ | वडा नं. ८ कार्यालय भवन निर्माण | आर ऐण्ड आर निर्माण सेवा (६०६६३१२५७) | ३९००२६२ | १७२२७७ |
| | | **जम्मा** | **६४६७४८२** | **२८७६६७** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>
अधुरो योजना –
अधुरो योजना– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.९६७४०७२.९१ का ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।
<table>
<tr><th>योजनानको नाम</th><th>निर्माण कम्पनी</th><th>सम्झौता</th><th>सम्पन्न गर्नुपर्ने</th><th>सम्झौता रकम</th><th>हालसम्मको खर्च</th><th>भौतिक प्रगति</th></tr>
<tr><td>बैकुण्ठे देखि धोद्लेखानी हुँदै फिलुङ्गेटार सडक स्तरउन्नती</td><td>कोशेली निर्माण सेवा</td><td>२०७८।०१।०२</td><td>२०७८।०३।०५ (म्याद थप-२०७८।०३।३०)</td><td>१००९८०१.६३</td><td>८४४८६५.९०</td><td>५५%</td></tr>
<tr><td>ओख्रे हेल्थपोष्ट निर्माण</td><td>कोशेली निर्माण सेवा</td><td>२०७८।०१।०२</td><td>२०७८।०३।३० (म्याद थप-२०७८।०५।३१)</td><td>४६२७६०५.५९</td><td>४१६२२५३.२९</td><td>६०%</td></tr>
<tr><td>पखुवा याङबाराङ खानेपानी योजना</td><td>नाथ निर्माण सेवा</td><td>२०७८।०३।०८</td><td>२०७८।०५।३१</td><td>४९४५४८५.६९</td><td>३४०३४५.६०</td><td>७०%</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>९६७४०७२.९१</td><td>५३४७४६४.७९</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **सार्वजनिक परीक्षण** – <br> **सार्वजनिक परीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तरगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन।सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ। | |
| ४७ | | | **कन्टिन्जेन्सी खर्चः** <br> **कन्टिन्जेन्सी खर्चः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसुची-१ मा कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।०१।१५ को नेपाल सरकारको निर्णयानुसार कन्टिजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी कुल रकम मध्ये ६० प्रतिशत रकम चालु प्रकृतिको प्रशासनिक र ४० प्रतिशत पुँजीगत प्रकृतिको पुँजि निर्माण शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले कन्टिन्जेन्सीको सोही अनुरुप खर्च देखिने गरी छुट्टै खाता राखेको देखिएन। अतः कन्टिन्जेन्सी खाता राखी कन्टिन्जेन्सी रकम व्यवस्थित गर्नु पर्दछ। | |
| ४८ | | | **सोझै खरिद** – <br> **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै**m** गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभै**m** खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभै**m** खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | ७६६,७६१ |

| **भौ. नं.** | **मिति** | **कार्यक्रम** | **आपूर्तक** | **डेबिट** |
|---|---|---|---|---|
| २२ | २०७७/०७/०२ | मसलन्द तथा कार्यालय सामाग्री | सिद्वकाली प्रिन्टीङ प्रेस, | ४५१४३५ |
| २५ | २०७७/०७/०२ | मसलन्द तथा कार्यालय सामाग्री | सिद्वकाली प्रिन्टीङ प्रेस, | ३१५३२६ |
| **जम्मा** | | | | **७६६७६१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **डीपीआर खर्च** – <br><br> **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । <br><br> यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट हुन सक्ने कार्यमा सोही जनशक्तिबाट कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| ओख्रे हेल्थपोष्ट निर्माण | रेपिड एक्सप्रेस ईन्जीनीयरीङ ग्रुप प्रा.लि. | २१५००० | २१०००० | ८४२५००० |
| पकुवा याफाराङ खानेपानी आयोजना | गौरी एण्ड गायत्री कन्स्ट्रकसन | ५००००० | ४९५००० | ७७२८६४० |
| शहिद पार्क निर्माण, बासिखोरा | आरऐण्डआर ईन्जीनीयरीङ प्रा.लि. | २५०००० | २४९००० | २५००००० |
| **जम्मा:** | | **965000** | **954000** | **18653640** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **सवारी साधन खरिद** – <br> **सवारी साधन खरिद** – अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.४,७५,७९९।०० खर्च गरेका छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **सेनिटेरी प्याडः**<br>**सेनिटेरी प्याडः** २३६-२०७८।०३।२४ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।०७८ को क्रियाकलाप नं. २.७.१२.२३ मा विद्यालयका छात्रालाई सेनिटरी प्याड वितरण गर्ने कार्यक्रमको व्यवस्था गरेको छ । बिद्यालय संचालन २०७७ पौष देखि बैशाख बाहेक बन्द रहेको अवस्थामा असार मशान्तको अन्त्यमा असल हाईजिङ्ग प्रोडक्सन, भक्तपुरबाट ११५८७ प्याकेट रु.९,२६,९६०।०० मा खरिद भएकोमा 2078 असोज सम्म विद्यार्थीलाई वितरण गरेको भर्पाई पेश भएको छ। तसर्थ चालु वर्षको कार्यक्रम बनाउदा गत वर्षको मौज्दात हिसाब गरी खरिद गर्न सम्बन्धित निकायको ध्यान जानु पर्दछ। | |
| ५२ | | | **संघिय सरकार हस्तान्तरित चालु – रमानापछि तलब भुक्तानी -**<br>**संघिय सरकार हस्तान्तरित चालु – रमानापछि तलब भुक्तानी -** (गो.भौ.नं 149/150) – स्वास्थ्य चौकी दलगाउँमा कार्यरत अ.न.मि हिरा भण्डारीले मिति 2077।12।23 मा रमाना लिई सागुरीगढी गाउँपालिकामा पदस्थापना भएकोमा बैशाख र जेठ महिनाको तलब यस गाउँपालिकाबाटै भुक्तानी भएकोले रमाना पछिको तलब भत्ता सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु. | ७८,६२० |
| ५३ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -** | |
| ५३.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका३४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र.सं | विद्यालयको नाम | वार्ड नं | संचालित कक्षा | | शिक्षक दर्बन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | | | |
| १ | कवैपानी प्रा.वि वैकुण्ठे | 6 | बा.वि.क | ३ | २ | २ | २ | ४३ | |
| २ | पञ्चकन्याप्रा.वि वैकुण्ठे | 6 | बा.वि.क | ५ | ५ | ५ | १ | ८७ | |
| ३ | जलकन्यादेवी प्रा.वि वैकुण्ठे | 6 | बा.वि.क | ५ | २ | २ | २ | ३९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | ४ | गोल्मारानी प्रा.वि वैकुण्ठे | 6 | १ | ५ | ३ | ३ | १ | ३४ | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | सावित्रा मा.वि | 6 | बा.वि.क | १० | १० | १० | ३ | ४०९ | | | |
| | | | | ६ | सिंहेश्वरी मा.वि | 7 | बा.वि.क | १२ | ११ | ११ | ७ | ५६४ | | | |
| | | | | ७ | भिमेश्वरी आ.वि बासिखोरा | 8 | बा.वि.क | ८ | ७ | ७ | ३ | १०९ | | | |
| | | | | ८ | रामप्रसादस्मृतिप्रा.वि बासिखोरा | 7 | १ | ३ | २ | २ | २ | २० | | | |
| | | | | ९ | शंखेश्वरीआ.वि बासिखोरा | 8 | बा.वि.क | ८ | ६ | ६ | २ | २४५ | | | |
| | | | | १० | विद्याधारीप्रा.वि बासिखोरा | 7 | बा.वि.क | ५ | ४ | ४ | २ | ७९ | | | |
| | | | | ११ | जलेश्वरी प्रा.वि बासिखोरा | 7 | बा.वि.क | ५ | ३ | ३ | १ | ४५ | | | |
| | | | | १२ | जलसिद्धा प्रा.वि बासिखोरा | 8 | १ | ३ | २ | २ | २ | ३६ | | | |
| | | | | १३ | एकादशी प्रा.वि भुल्के | ३ | बा.वि.क | १० | १ | १ | ० | ३१ | | | |
| | | | | १४ | जनराधिका प्रा.वि भुल्के | ३ | बा.वि.क | ८ | २ | २ | ० | ३८ | | | |
| | | | | १५ | गैंयादेवी प्रा.वि भुल्के | ३ | बा.वि.क | ५ | ३ | ३ | १ | ६८ | | | |
| | | | | १६ | पञ्चकन्या मा.वि भुल्के | ३ | बा.वि.क | १२ | १५ | १५ | ४ | ५७५ | | | |
| | | | | १७ | दलगाउँ प्रा.वि | ४ | बा.वि.क | ३ | २ | २ | १ | ६३ | | | |
| | | | | | | 4 | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १८ | चण्डिका प्रा.वि दलगाउँ | | बा.वि.क | ५ | २ | २ | ० | ३४ | | | |
| | | | | १९ | सेतिदेवी आ.वि दलगाउँ | 4 | बा.वि.क | ८ | ७ | ७ | ३ | १२६ | | | |
| | | | | २० | नवदुर्गा मा.वि | 4 | बा.वि.क | १० | ११ | ११ | ८ | ३०७ | | | |
| | | | | २१ | कटुञ्जे मा.वि धोद्लेखानी | 2 | बा.वि.क | १० | १२ | १० | ५ | २०० | २ रिक्तमावि | | |
| | | | | २२ | छिन्ताङदेवी आ.वि | 2 | बा.वि.क | ८ | ७ | ७ | ५ | १३६ | | | |
| | | | | २३ | सिंहदेवी प्रा.वि धोद्लेखानी | 2 | १ | ३ | १ | १ | ० | १४ | | | |
| | | | | २४ | सुच्चाहाङ् प्रा.वि धोद्लेखानी | 2 | १ | ३ | २ | २ | ० | १५ | | | |
| | | | | २५ | जलेश्वरी प्रा.वि मानेभञ्ज्याङ्ग | 5 | बा.वि.क | ३ | २ | २ | १ | ७४ | | | |
| | | | | २६ | शिक्षासदन प्रा.वि मानेभञ्ज्याङ्ग | 5 | बा.वि.क | ५ | ४ | ४ | १ | ८७ | | | |
| | | | | २७ | भानुभक्त प्रा.वि मानेभञ्ज्याङ्ग | 5 | बा.वि.क | ५ | ५ | ५ | २ | १०७ | | | |
| | | | | २८ | बेहेरेश्वर मा.वि | 5 | १ | १२ | ११ | ११ | ४ | २५० | | | |
| | | | | २९ | सिंहेश्वरीप्रा वि मानेभञ्ज्याङ्ग | 5 | बा.वि.क | ३ | १ | १ | ० | ६२ | | | |
| | | | | ३० | जुनेली आ.वि ओख्रे | 1 | बा.वि.क | ८ | ७ | ७ | ६ | १५८ | | | |
| | | | | ३१ | पञ्चकन्या प्रा.वि ओख्रे | 1 | बा.वि.क | ३ | १ | १ | ० | १० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | कालिका मा.वि ओख्रे | 1 | बा.वि.क | १० | ९ | ९ | ६ | ३४१ | |
| ३३ | सावित्रादेवी प्रा.वि ओख्रे | 1 | बा.वि.क | ३ | २ | २ | २ | ६८ | |
| ३४ | सिंहदेवी प्रा.वि ओख्रे | 1 | बा.वि.क | ३ | २ | २ | २ | ४१ | |
| **जम्मा** | | | | | **१६६** | **१६४** | **७९** | **४५१५** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३.२ | | | **दरबन्दी मिलानः** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा२० मा कुनै खास स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बिद्यालयहरुको आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुन वितरण गर्न पाउने व्यवस्था छ । साथै शिक्षा ऐन, २०२८ को दफा १५ अनुसार दुई वा दुईभन्दा बढी बिद्यालयलाई गाभी एउटा बिद्यालय कायम गर्न अनुमति तथा स्वीकृती दिन सक्नेछ । यस पालिकाको निम्नानुसारका बिद्यालयहरुमा बिद्यार्थि संख्याको तुलनामा शिक्षक दरबन्दी तथा पदपुर्ति बढी भएको अभिलेख पेश भएकोले ऐन तथा कार्यविधिको पालना हुनपर्दछ । | |

| **क्र. सं.** | **विद्यालयको नमा** | **वडा नं.** | **संचालित कक्षा** | | **शिक्षक दर्बन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | | |
| 1. | गोल्मारानीप्रा वि वैकुण्ठे | 6 | १ | ५ | ३ | ३ | १ | ३४ |
| 2. | जलकन्यादेवीप्रा वि वैकुण्ठे | 6 | बा.वि.क | ५ | २ | २ | २ | ३९ |
| 3. | रामप्रसादस्मृतिप्रावि बासिखोरा | 7 | १ | ३ | २ | २ | २ | २० |
| 4. | चण्डिकाप्रा वि दलगाउँ | 4 | बा.वि.क | ५ | २ | २ | ० | ३४ |
| 5. | सिंहदेवीप्रा वि धोद्लेखानी | 2 | १ | ३ | १ | १ | ० | १४ |
| 6. | सुच्चाहाङ्प्रा वि धोद्लेखानी | 2 | १ | ३ | २ | २ | ० | १५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>**प्रधानमन्त्री रोजगार कार्यक्रम**– स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 390 जनालाई रोजगारी उपलव्ध गराई रु.1,87,02,332।70 खर्च गरेको छ । लक्षित वर्गलाई 10 देखि 112 दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

**(क) <u>आ.व. 2077/78 मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रामप्रसादराई गाउँपालिकामा संचालन भएका आयोजनाहरुको विवरण</u>**

| वडा नं | योजनाको नाम | खर्च रकम | रोजगारीमा संलग्न व्यक्तिको संख्या | उपलब्ध भएको रोजगारी दिन | जम्मा रोजगारी दिन |
|---|---|---|---|---|---|
| 1 | ओख्रे सडक मर्मत तथा स्तरोन्नती | 982300 | 17 | 111.76 | 1900 |
| 1 | रोक्तावा सडक मर्मत तथा स्तरोन्नती | 700000 | 14 | 96.71 | 1354 |
| 2 | वडा कार्यालयदेखि नेपालगाउँ जाने सडक स्तरोन्नती | 700000 | 13 | 103.34 | 1343 |
| 2 | धोद्लेखानी सडक मर्मत तथा स्तरोन्नती | 1499300 | 28 | 74.39 | 2082.89 |
| 3 | सडक निर्माण तथा स्तरोन्नती ड्राइगन फुड्स पिलर निर्माण | 592500 | 143 | 10.26 | 1467 |
| 3 | ड्राइगन फल पिलर गाड्ने, मन्साराम सिंचाइ कुलो निर्माण तथा बेहेरेखोला, माटिकोरे जिरो पोइन्ट सडक स्तरोन्नती | 672100 | 13 | 100 | 1300 |
| 3 | माटिकोरे-भुल्के-धोद्लेखानी सडक स्तरोन्नती | 1447600 | 28 | 88.91 | 2489 |
| 3 | भुल्के जिरो पोइन्ट-ओख्रे सिमाना सडक मर्मत | 361900 | 9 | 77.78 | 700 |
| 3 | दलगाउँ सिमाना-देउराली सडक स्तरोन्नती | 775500 | 13 | 112.65 | 1465 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 3 | मन्साराम सडक सोलिङ, जरुवा धारा घेरावारा तथा गैयाँदेवी बरण्डा सिढी निर्माण | 361900 | 10 | 58.01 | 580 | |
| | | | 4 | दलगाउँ सडक स्तरोन्नती | 592500 | 13 | 88.16 | 1146.04 | |
| | | | 4 | गुम्बा-ढुङ्गे-भुल्के सडक सोलिङ तथा मर्मत | 1034000 | 19 | 105.26 | 2000 | |
| | | | 5 | कार्तिके पाँचघरे जाने सडक स्तरोन्नती | 700000 | 12 | 112.83 | 1353.97 | |
| | | | 5 | मानेभञ्ज्याङ्ग सडक स्तरोन्नती | 982500 | 17 | 108.91 | 1852 | |
| | | | 6 | वडा कार्यालयदेखि नागछाँगा जाने सडक स्तरोन्नती | 700000 | 13 | 104.15 | 1354 | |
| | | | 6 | चिलाउनेटार-सिरिसे-बेहेरेखोला सडक स्तरोन्नती | 930600 | 12 | 150 | 1800 | |
| | | | 7 | वडा कार्यालय कम्पाउण्ड पर्खाल निर्माण | 592500 | 13 | 81.17 | 1055 | |
| | | | 7 | बासिखोरा सडक स्तरोन्नती | 2429900 | 46 | 102.17 | 4700 | |
| | | | 8 | दलित सिप विकास भवन निर्माण | 361900 | 7 | 96.63 | 676 | |
| | | | 8 | खोक्सिक खानेपानी मर्मत र घर धारा खानेपानी विस्तार | 672100 | 13 | 89.52 | 1163.70 | |
| | | | 8 | बुलबुले सेम्फेक खाने पानी मर्मत | 568700 | 11 | 100 | 1100 | |
| | | | 8 | छ्यालुङ सडक मर्मत तथा जलसिद्ध आ.वि. पर्खाल निर्माण | 568700 | 11 | 52.21 | 574 | |
| | | | 8 | चिम्पुल्ला सडक मर्मत तथा खेल मैदान स्टेज निर्माण | 592500 | 11 | 99.10 | 1090.05 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **(क) सामाजिक सुरक्षातर्फ बढी निकासा –**<br><br>**(क) सामाजिक सुरक्षातर्फ बढी निकासा**– सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले निम्नानुसारका मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा गरेपनि भत्ता वितरण गरी बढी खर्च गरेको छ । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु. | |

| वडा नं | चौमासिक | नामथर | ना.प्र.नं/जन्ममिति | समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 2 | प्रथम | श्रीमाया भुजेल | 1034/2002-2002/08/28 | जेष्ठ नागरिक | 12000 | मिति 2076/12/10 मा मृत्यु भएको |
| 3 | प्रथम | सावित्रा कोइराला | 670/2281-2000/01/30 | जेष्ठ नागरिक | 12000 | मिति 2076/11/30 मा मृत्यु भएको |
| **जम्मा** | | | | | **24000** | |

( उक्त बेरुजु कार्यालयको मिति २०७८-८-२१ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>
(ख) सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण -<br><br>
(ख) सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले भत्ता वितरणलाई प्रभावकारी बनाउनका लागि अनिवार्य रुपमा बैंङ्क मार्फत भत्ता वितरण गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस आर्थिक वर्षको प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वडा सचिवलाई पेश्की दिइ वितरण गरेकोमा दोश्रो चौमासिक देखि बैंक मार्फत वितरण गरेको छ। यसरी बैंक मार्फत भत्ता वितरण गरेकोमा पालिकाले बैंकबाट फर्वाड सिट अनुसार विवरण प्राप्त गरी बाँकी रकम मिति 2078।06।05 गते रु. 5,26,261। र भर्पाईबाट बढी भएको रकम मिति 2078।06।17 गते रु.1,64,285। समेत जम्मा रु.6,90,546। रकम संघिय संचित कोषको (15111) बेरुजु खातामा दाखिला गरेको छ।<br><br>
<table>
<tr><th>क्र.सं</th><th>बैंकको नाम</th><th>प्रथम चौमासिक छुट वापत भुक्तानी रकम</th><th>दोश्रो चौमासिक वापत भुक्तानी रकम</th><th>तेश्रो चौमासिक वापत भुक्तानी रकम</th><th>जम्मा भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>एन.आइ.सी एसिया बैंक बैकुण्ठे शाखा भोजपुर</td><td>2108867</td><td>16626807</td><td>17057830</td><td>35793504</td></tr>
<tr><td colspan="5">प्रेषित फर्वार्ड सिट अनुसार बैंकलाई निकासा भएको जम्मा रकम</td><td>35793504</td></tr>
<tr><td colspan="5">प्रेषित फर्वार्ड सिट अनुसार बैंकले वितरण गरेको जम्मा रकम</td><td>35267243</td></tr>
<tr><td colspan="5">मिति 2078।06।05 मा बैंकबाट वितरण गरी वढी भएको रकम संघिय संचितकोष फिर्ता</td><td>526261</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
(ग) निरीक्षण तथा अनुगमन -<br>
(ग) निरीक्षण तथा अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **(घ) सार्वजनिक सुनुवाई** -<br>**(घ) सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ५९ | | | **(ङ) अनुगमन** -<br>**(ङ) अनुगमन** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६० | | | **गाउँपालिका आन्तरिक आम्दानी** -<br>**गाउँपालिकाको आन्तरिक आम्दानी तर्फः** (क) यस वर्ष गाउँपालिकाले मालपोत, अन्य सेवा शुल्क, प्रशासनिक दस्तुर, परिक्षा शुल्क, बोलपत्र बिक्री, पञ्जिकरण शुल्क, लगायत अन्य विविध शिर्षक गरी राजश्व बाँडफाड बाहेक रु.29,22,475। आम्दानी गरेको विवरण प्राप्त भएको छ । कार्यालयले आफै लिने राजश्व रकम रसिद काट्ने गरेको तथा वडाहरुबाट प्राप्त हुने राजश्व प्राप्त भए अनुसार दाखिला गरी राजश्व आम्दानी बाध्ने गरेको पाईयो । नगद मार्फत आम्दानी भएको रकमको दैनिक आम्दानी तथा दाखिला विवरण तयार नगरी बैँक दाखिलाका आधारमा आम्दानी बाधेको तथा आन्तरिक आम्दानीको शिर्षकगत आम्दानी खाता राखेको पाइएन। आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएकोले आन्तरिक आम्दानी एकिन गर्न नसकिने भएकोले कानुनले तोकिएको फारमहरु प्रयोग गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **(ख) मालपोत तथा नगदी रसिद आम्दानी तर्फः**<br>**(ख) मालपोत तथा नगदी रसिद आम्दानी तर्फः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। यस वर्ष कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. हरु नराखेको तथा कार्यालयले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाइ भयो र यो वर्ष कति खर्च भइ के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको भनी रसिद नियन्त्रण खाताको प्रयोग गरेतापनि उक्त खातालाई अध्यावधिक गरेको छैन। अतः अनिवार्य राख्नु पर्ने दैनिक आम्दानी एवम् बैंक दाखिला खाताहरुको प्रयोग गरी राजश्व अभिलेख व्यवस्थित राख्नु पर्ने देखिन्छ। वडा कार्यालयले रसिदहरुको दैनिक आम्दानी विवरण राखेपनि व्यवस्थित रुपमा राखेको देखिएन।साथै वडा कार्यालयले सिधै कार्यालयको खातामा रकम दाखिला गरेको आम्दानीका आधारमा राजश्वको आम्दानी बाधेको देखियो। वडा कार्यालयले कानुनले तोकिएको अवधिमा राजस्व बैंक दाखिला गर्नुपर्नेमा मासिक, त्रैमासिक र कति पय अवस्थामा सो भन्दा बढी अवधिपछि मात्र राजश्व दाखिला गरेको देखियो। यसबाट कार्यालयले देखाएको आन्तरिक आम्दानी यकिन गर्न सकिने अवस्था देखिएन। यसमा सुधार हुनुपर्दछ । | |
| ६२ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>**सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यक्रम, २०७७ बाट फुसको छानो बिस्थापित गर्ने कार्यक्रम अन्तर्गत यस गाउँपालिकाले २ किस्ता प्रति घरधुरी रु.५०,०००।०० का दरले २७१ घरधुरी फुसको छाना बिस्थापन गर्ने कार्यक्रम अन्तर्गत वडा नं. ३ मा ३९१, वडा नं. ४ मा ६०, वडा नं. ५ मा ८०, वडा नं. ८ मा ४० घरधुरीलाई सघन शहरी तथा भवन निर्माण आयोजना धनकुटाबाट छनौट भएको मध्ये वडा नं. ३ मा ५२, ४ मा ६० घरधरीलाई प्रति घरधुरी रु.२८,८००।०० का दरले प्रथम किस्ता रु.३२,२५,६००।०० निकासा भएको देखिन्छ । आयोजनाबाट छनौट भए बमोजिमका कार्यक्रम समयमै सम्पन्न गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ६३ | | | **कन्टिन्जेन्सी कट्टीः**<br>**कन्टिन्जेन्सी कट्टीः** सुरक्षित नागरिक आवास कार्यक्रम, २०७७ मा कन्टिन्जेन्सी रकम अग्रीम रुपमा कट्टा हुने र उक्त रकम मध्ये सघन शहरी तथा भवन निर्माण आयोजनाले २ प्रतिशत र स्थानीय तहले २ प्रतिशतले हुने रकम खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले पुन लाभग्राहीलाई भुक्तानी गर्दा ११२ लाभग्रहीको नामबाट रु.१,२००।०० का दरले रु.१,३४,४००।०० कन्टिन्जेन्सी कट्टी गरेको पाईएको हुदा उक्त रकम लाभग्राहीलाई भुक्तानी गर्नपर्ने देखिएको रु.<br>( उक्त बेरुजु कार्यालयको मिति २०७८-८-२१ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **मौज्दातः**<br>**मौज्दातः** धरौटी खाताको शुरु मौज्दात रु.१६,४०,५३३।२१ देखाउनुपर्नेमा रु.१५,११,६१५।२१ देखाएकोले घटी मौज्दात रु.१,२८,९१८।०० को हिसाब मिलान गर्नुपर्ने रु. | १२८,९१८ |
| ६५ | | | **कर चुक्ता प्रमाणः**<br><br>**कर चुक्ता प्रमाणः** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण व्यवसायी वा आपूर्तिकर्ताको धरौटी रकम फिर्ता गर्दा कर चुक्ता प्रमाणपत्र पेश गरेपछी मात्र फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको निर्माण व्यवसायी र आपूर्तकको धरौटी रकम फिर्ता गर्दा करचुक्ता गरेको प्रमाण बेगर फिर्ता गरेको हुँदा उक्त प्रमाण पेश हुनुपर्ने रु. ( उक्त बेरुजु कार्यालयको मिति २०७८-८-२१ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)<br><br>**भौ.नं. र मिति** \| **कार्यक्रम** \| **फिर्ता रकम**<br>२-२०७७।११।०९ \| प्रेम भेराईटी पसल \| २०४०५<br>३-२०७७।११।१३ \| पशुपति कन्स्ट्रकसन \| ५६५१३<br>४-२०७७।११।१८ \| एक्मी स्मार्ट टेक्नोलोजी प्रा.लि. \| ५२०००<br> \| **जम्मा** \| **१२८९१८** | ५१,९९८ |
| ६६ | | | **आन्तरिक लेखापरीक्षण** | |
| ६६.१ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको व्यहोरा निम्न छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६.२ | | | गाउँपालिकाले स्थानी स्तरको बेरोजगार युवाहरुलाई लक्षित गरी उनीहरुको चाहाना अनुसारको सिपमुलक तालिम कार्यक्रम छनौट गरी वरोजगारी न्युनीकरणमा जोड दिनुपर्दछ । | |
| ६६.३ | | | खर्च व्यवस्थापनः स्वीकृत कार्यक्रम बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यन्वयन गर्नुपर्दछ । कामको गुणस्तर कायम गर्नका लागि वजेट तथा कार्यक्रमले निर्धारण गरेको समय तालिका अनुसार वजेट कार्यन्वयन गर्नुपर्दछ । सन्तुलित खर्च व्यवस्थापन गरी कामको गुणस्तर समेत सुनिश्चित हुनेगरी कार्य गर्नुपर्दछ । | |
| ६७ | | | **समिति गठन-**<br>**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि २ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६८ | | | **कार्य योजना -**<br>**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरूको कार्ययोजना तयार ी गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **विपद् व्यवस्थापन कोष**<br>**विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.३०,००,०००।०० आम्दानी भई रु.४,२२,१३४।०० खर्च गरी बाँकी रु.२५,७७,८६६।०० देखिन्छ । पालिकाले खर्च मध्ये रु.४,२२,१३४।०० भुक्तानी गरेको देखिन्छ । कार्यविधि बनाएर खर्च गर्नु पर्दछ । | |
| ७० | | | **वार्षिक प्रतिवेदन**<br>**वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७१ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ७२ | | | **कोभिड१९** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२.१</td><td></td><td></td><td>

**कोभिड–१९ तर्फः**

आ=व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः

<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>९०७२४९४।९७</td><td>राहत वितरण (विपद व्यवस्थापन)</td><td>०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन (अस्पताल)</td><td>१३७१५९२</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद (अस्पताल)</td><td>२४०३४५१</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>३६८५६५</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td>४८३००</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>०</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च (तलब भत्ता)</td><td>१०६४८६७</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>३०२३६६</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>३५१३३५३।९७</td></tr>
<tr><td>जम्मा</td><td>९०७२४९४।९७</td><td>जम्मा</td><td>९०७२४९४।९७</td></tr>
</table>

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२.२</td><td></td><td></td><td>कोभिड-१९ महामारीको व्यवस्थापन गर्न रु.९०,७२,४९४।९७ आम्दानी भएकोमा माथि उल्लेखित बिभिन्न कार्यमा रु.५५,५९,१४१।०० खर्च भई रु.३५,१३,३५३।०० मौज्दात रहेको पाईयो । कोरोना महामारी रोकथाम तथा उपचार खर्च गर्दा प्रचलित सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को पालना गरी खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>पेश्की<br><br>आर्थिककार्यविधिनियमावली, २०६४कोनियम७४वमोजिमपेश्कीफछ्यौंटगर्नुपर्नेरनियम७९ (१) मारकमपेश्कीलिनेकर्मचारीलेम्यादभित्रपेश्कीफर्छ्यौटगर्नु पर्ने व्यवस्था रहेको छ । यस बर्ष म्याद ननाघेको मोविलाइजेसनपेश्की रु.१,८८,१३०।०० बांकी रहेको देखियो।<br><br>
<table>
<tr><th>गो.भौ.नं.</th><th>मिति</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिनेकोनाम</th><th>जम्मा</th></tr>
<tr><td>४</td><td>२०७८।०३।३०</td><td>पखुवायावाराङ्ग खानेपानि योजना, वडा नं. ७</td><td>नाथनिर्माण सेवा (मोबिलाईजेशन)</td><td>१८८१३०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१८८१३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>सम्परीक्षण<br>बेरुजु तथा सम्परीक्षण- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 84 मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा 84(2)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, 2074 को दफा 36 को 1 मा लेखापरीक्षण प्रतिवेदनमा कायम भएको वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फर्छ्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ। पालिकाको गत विगत वर्षको बेरुजू रु.4 करोड 32 लाख 84 हजार रहेकोमा निम्नानुसार रु.1४,६३,४११।०० फछ्यौंट गरि पेश भएकोले सम्परीक्षण गरीएको छ। बाँकी बेरुजू फछ्यौंट गर्न पालिकाको ध्यान जानु पर्दछ।
<table>
<tr><th>दफा</th><th>आर्थिक वर्ष</th><th>बेरुजुको व्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्यौंटको व्यहोरा</th><th>फछ्यौंट रकम</th></tr>
<tr><td>18</td><td>2076/ 77</td><td>पदाधिकारीहरुले दोहोरो सुविधा लिए वापतको</td><td>336000</td><td>निम्न पदाधिकारीहश्रले दोहोरो सुविधा लिए वापतको रकम कार्यालयकोको स्थानिय संचितकोषमा</td><td>144000</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रकम असुल हुनु पर्ने | | दाखिला गरेको प्रमाण पेश भएको<br>क्र.सं \| नामथर \| रकम<br>1. \| वडा नं 6 वडाध्यक्ष पर्शुराम राई \| 48000<br>2. \| वडा नं 7 वडाध्यक्ष सुर्य बहादुर राई \| 48000<br>3. \| वडा नं 4 वडाध्यक्ष फौदसिंह कार्की \| 48000<br>जम्मा \| **144000** | | | |
| | | | | 29 | 2076/ 77 | जयकुमार राईलाई घरभाडा वापतको रकम बढी भुक्तानी भएको | 21500 | जयकुमार राईलाई घरभाडा वापत बढी भुक्तानी भएको रकम कार्यालयको स्थानिय संचित कोषमा दाखिला भएको प्रमाण पेश | 21500 | | |
| | | | | 30 | 2076/ 77 | मन्दिरा खड्कालाई बढी भुक्तानी भएको | 4760 | मन्दिरा खड्कालाई बढी भुक्तानी भएको रकम कार्यालयको स्थानिय संचित कोषमा दाखिला भएको प्रमाण पेश | 4760 | | |
| | | | | 37 | 2076/ 77 | योजना अभिमुखिकरण तालिममा पदाधिकारी तथा कर्मचारीहरुले प्रशिक्षण भत्ता बढी भुक्तानी लिएको | 38765 | निम्नानुसारका पदाधिकारी र कर्मचारीले योजना अभिमुखिकरण तालिममा प्रशिक्षण भत्ता बढी भुक्तानी लिएको रकम कार्यालयको स्थानिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश<br>क्र.सं \| नामथर \| रकम<br>1. \| उपाध्यक्ष सम्झना राई \| 13600<br>2. \| वडा नं 6 वडाध्यक्ष पर्शुराम राई \| 850<br>3. \| वडा नं 7 वडाध्यक्ष सुर्य बहादुर राई \| 850<br>4. \| प्र.प्र.अ. जंगम राई \| 3150<br>5. \| अधिकृत अनन्त राई \| 1785<br>6. \| स.ई सरोज श्रेष्ठ \| 4760<br>7. \| अ.स.ई ज्ञानराज भट्टराई \| 4760<br>8. \| ई. सुजन घले \| 4760<br>9. \| वडा नं 4 वडाध्यक्ष फौदसिंह कार्की \| 850<br>जम्मा \| **35365** | 35365 | | |
| | | | | 39 | 2076/ 77 | ना.प्रा.स शुभराज राईलाई बढी भुक्तानी भएको | 26000 | ना.प्रा.स शुभराज राईलाई बढी भुक्तानी भएको रकम संघिय संचितकोषको बेरुजु खातामा दाखिला भएको प्रमाण पेश | 26000 | | |
| | | | | 40 | 2076/ 77 | विभिन्न विद्यालयहरुलाई बढी भुक्तानी भएको | 119383 | विभिन्न विद्यालयहरुलाई बढी भुक्तानी भएकोमा कटुन्जे मा.विले बढी भुक्तानी भएको रकम संघिय संचितकोषको बेरुजु खातामा दाखिला गरेको प्रमाण पेश | 57000 | | |
| | | | | 46 | 2076/ 77 | स्वास्थ्य तर्फका कर्मचारीहरुलाई समायोजन ग्रेड वापत बढी भुक्तानी भएको | 41846 | स्वास्थ्य तर्फका कर्मचारीहरुलाई समायोजन ग्रेड वापत बढी भुक्तानी भएकोमा विरेन्द्र महत्तोको रु.१२,०००।०० र सत्यकला राईको रु.५,३२२।०० गरी रु.१७,३२२।०० बढी भुक्तानी भएको रकम संघिय संचितकोषको बेरुजु खातामा दाखिला गरेको प्रमाण पेश | 1७३२२ | | |
| | | | | 48 | 2076/ 77 | विभिन्न विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान रकम बढी निकासा भएको | 73984 | विभिन्न विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान रकम बढी निकासा भएकोमा निम्नानुसारका विद्यालयहरुले बढी भुक्तानी भएको रकम संघिय संचितकोषको बेरुजु खातामा दाखिला गरेको प्रमाण पेश<br>क्र.सं \| विद्यालयको नाम \| रकम<br>1. \| नवदुर्गा मा.वि दलगाउँ \| 25348<br>2. \| पन्चकन्या प्रा.वि बैकुण्ठे \| 3491<br>जम्मा \| **28839** | 28839 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 07 | 2075/ 76 | पदाधिकारीहरुले पोशाक भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनु पर्ने | 240000 | निम्नानुसारका पदाधिकारीहरुले पोशाक भत्ता वापत भुक्तानी लिएको रकम कार्यालयको स्थानिय संचितकोषमा दाखिला गेरको प्रमाण पेश | 82000 |

| क.सं | नामथर | रकम |
|---|---|---|
| 1. | वडा सदस्य सरस्वती थापा | 10000 |
| 2. | वडा सदस्य कमलादेवी राई | 10000 |
| 3. | वडा सदस्य नैनकला दर्जी | 10000 |
| 4. | वडा सदस्य जगत बहादुर चौहान | 10000 |
| 5. | वडा सदस्य लिल बहादुर मगर | 10000 |
| 6. | व.स. हर्क बहादुर राई | 10000 |
| 7. | व.स. कविता श्रेष्ठ | 10000 |
| 8. | व.अ. फौदसिंह कार्की | 12000 |
| | जम्मा | 82000 |

| | | | | | |
|---|---|---|---|---|---|
| 23 | 2074/ 75 | पदाधिकारीहरुले वैठक भत्ता लिए वापत असुल हुनुपर्ने | 41650 | निम्नानुसारका पदाधिकारीहरुले वैठक भत्ता वापत भुक्तानी लिएको रकम कार्यालयको स्थानिय संचितकोषमा दाखिला गेरको प्रमाण पेश | 19125 |

| क.सं | नामथर | रकम |
|---|---|---|
| 1. | व.स. हर्क बहादुर राई | 19125 |
| | जम्मा | 19125 |

| | | | | | |
|---|---|---|---|---|---|
| 33 | 2076/ 77 | ना.प्रा.स शुभराज राईलाई वडा नं 4 र 6 मा वितरण गर्न विषादी खरिद वापत भुक्तानी दिएकोमा सो सामाग्रीको जिन्सी दाखिला र वितरण भर्पाई पेश नभएको | 180000 | ना.प्रा.स शुभराज राईलाई वडा नं 4 र 6 मा वितरण गर्न विषादी खरिद वापत भुक्तानी दिएकोमा सो सामाग्रीको जिन्सी दाखिला र कृषकलाई वितरण गेरको भर्पाई पेश भएको | 180000 |
| 20 | 2075/ 76 | कार्यपालिकाको निर्णयानुसार कार्यालयमा कार्यरत जनशक्तिबाट सर्वे तथा डिजाइन गराई बिल भर्पाइ पेश नभएको | 847500 | गाउँपालिकाको मिति 2075 असोज 5 को निर्णय नं 1 अनुसार गाउँपालिकाको आफ्नै जनशक्तिबाट सर्वे तथा डिजाइन गराईएको र सर्वे प्रतिवेदन 13 थान प्राप्त भएको आधारमा भुक्तानी दिएको प्रमाण पेश भएको | 847500 |
| | | | | **जम्मा सम्परीक्षण भएको रकम** | १४६३४११ |

७५ अद्यावधिक बेरुजु

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ४३२८४ | 14६३ | २०८०२ | 0 | ६४०८६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>लेखापरीक्षण संलग्न टोलीहरु<br>लेखापरीक्षणमा संलग्न टोलीहरु
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>हस्ताक्षर</th></tr>
<tr><td>१</td><td>लेखापरीक्षण अधिकारी श्री किशोर पोखेल</td><td></td></tr>
<tr><td>२</td><td>लेखापरीक्षण अधिकारी श्री चन्द्र शेर राई</td><td></td></tr>
<tr><td>३</td><td>लेखापरीक्षण अधिक्षक श्री सुनिता कुमारी साउद</td><td></td></tr>
</table></td><td></td></tr>
</table>